नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily






वर्ष १ | अंक ८८ | २०७९ साल माघ २२ गते आइतबार | Sunday 5, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-


### मधेश प्रदेश सभाको ५ औं वार्षिकोत्सव

## शहीदको सपना पुरा गर्न प्रदेश प्रमुख मिश्रको आग्रह



मधेशदृष्टि
जनकपुरधाम, माघ २१ गते । मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रले शहीदहरूको सपना पूरा गर्ने कार्यमा लाग्न प्रदेश सांसदहरुलाई आग्रह गरेको छ। शनिबार भएको मधेश प्रदेशसभाको पाँचौ स्थापना दिवसको अवसरमा आयोजित वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि प्रदेश प्रमुख मिश्रले मधेशी शहीदहरूको सपनालाई मनन गरी अगाडि बढेर प्रदेशको विकास हितमा काम गर्न आग्रह गरे।

उनले मधेश प्रदेशमा सुशासन र सुलभ सेवाका लागि प्रदेशसभाले भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै शहीदले देखेका सपना पुरा गर्न सफल भए मात्र मधेश आन्दोलनको मर्म र बलिदानी सफल हुनेछ।

वार्षिकोत्सव समारोहमा पुर्व सांसद तथा कर्मचारीहरुलाई दोसल्ला ओढाई सम्मानपत्र सहित प्रदेश प्रमुख मिश्रद्वारा सम्मानित गरिएको थियो । प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवका अनुसार स्थापना दिवसको अवसरमा रक्तदान, उत्कृष्ट पुर्व सांसद तथा कर्मचारीलाई पुरस्कार वितरण, खेलकुदको प्रमाणपत्र वितरण लगायतका कार्यक्रमको आयोजना गरिएको छ। सभामुख रामचन्द्र मण्डलको

- बाँकी पृष्ठ ६ मा

## गौर भंसार नाका : सर्वसाधारणलाई सास्ती, तस्करलाई मस्ती

### तस्करीमा शारिरिक अशक्तहरुको प्रयोग, भारतीय र नेपाली व्यापारीको मिलोमतोमा ट्राईसाइकल मार्फत पठाईएका समानहरु सुरक्षाकर्मीले चेकजाँच समेत गर्दैनन् ।



विकास अग्रवाल
रौतहट, २१ माघ।
अवैध तस्करी नियन्त्रण गर्ने प्रतिबद्धता आएपनि गौर भंसार नाका भएर हुने पोके तस्करी भने नियन्त्रण हुनसकेको छैन । घरायसी प्रयोजनका लागि स्थानीयले ल्याउँने समानमा सुरक्षाकर्मीले कडाई गरेपनि पोके तस्करी भने निर्धक्कसाथ सञ्चालन हुँदै आएको छ।

सीमा क्षेत्रमा खटिएका नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा भन्सार कर्मचारीहरुले घरायसी प्रयोगका लागि ल्याउने समानलाई कडाई गर्दै आएका छन् भने मासिक महिनावारी लिएर सञ्चालनमा रहेको पोके तस्करी भने उनीहरु अनदेखा भैरहेका छन्।

समान्य कमाएर घर खर्च चलाउन भन्दै मानवीय रुपले शारिरिक अशक्त भएका व्यक्तिलाई दिनको एकपटक भारतीय बिस्कुट नेपाल ल्याउँन दुवै देशका सुरक्षाकर्मीहरुले सहुलियत दिने गरेका छन् । तर, भारत नेपाल दुबै तर्फका व्यापारीहरुले त्यस्तो मानवीय सहुलियतको दुरुपयोग गर्दै दैनिक ठूलो परिणाममा सामान यताउता पुर्याउँछन् । उनीहरुले सुरक्षाकर्मीलाई नै मासिक रकम दिएर दिनको तीन देखि पाँच पटकसम्म किरानाका उपभोग्य सामानदेखी बहुमुल्य समानहरु सजिलै भित्राउँदै आएका छन्।

भारतीय र नेपाली व्यापारीको मिलोमतोमा शारिरिक अशक्तका ट्राईसाइकल मार्फत पठाईएका समानहरु कहिल्यै सुरक्षाकर्मीले चेकजाँचसमेत गर्ने गरेका छैनन् । प्रति टिप ६ सय देखि हजार रुपैया आम्दानी गर्दै आएका उनीहरु मार्फत व्यापारीहरुले सीमामा खटिएका सुरक्षाकर्मीहरुलाई मासिक नजराना बुझाउँदै आएको श्रोतको दाबी छ । उनीहरुले गौरसम्म ल्याएको खाद्यान्न तस्करहरुले बसपार्क तथा भाडाका सवारी साधनबाट चन्द्रपुरसम्म पठाउँने गर्दछन्।

अधीकांश भारतीय नागरिक रहेका शारिरिक अशक्तहरु करिब तीन दर्जन बढी रहेका छन । विगतका दिनमा उनीहरुले ट्राइसाइकलका सिट मुनि लुकाएर मदिरा भारत लैजादै गरेको क्रममा कैयौं पटक भारतीय सुरक्षाकर्मीले पक्राउ समेत गरेका घटना छन्।

गौर भंसार नाकाबाट व्यापक तस्करी बढेको भन्दै मधेश प्रदेशका डिआईजी बसन्त बहादुर कुँवर, प्रहरी वरिष्ठ उपरीक्षक मनोज कुमार यादव लगायतको टोलीले छुट्टाछुट्टै रुपमा भन्सार सुरक्षा गार्ड कार्यालयको अनुगमन गर्दै मातहतका सुरक्षा अधिकृतलाई पूर्णरुपमा तस्करी नियन्त्रण गर्न निर्देशन दिएपनि सुरक्षाकर्मीले पोके तस्करीलाई सहयोग गर्दै आएका छन्।

सीमावर्ती भारतबाट किनमेल गरी फर्किने यात्रुहरुलाई सुरक्षाकर्मीले जबरजस्ती भन्सार तिर्न लगाउने गरेको गुनासो दैनिक रुपमा बढ्न थालेको छ । तर तस्करीमा संलग्न व्यक्ति तथा शारिरुिक अशक्तहरु मार्फत खुलेयाम हुँदै आएको तस्करी भने सीमा क्षेत्रमा बढेको सजिलै देख्न सकिन्छ।

घरायसी प्रयोजनका एक बोरा चामल खरिद गरेर ल्याउँदै गरेका गौरका विकास यादवसँग वादविवाद गर्दै सुरक्षाकर्मीले जबरजस्ती एक सय ८ रुपैया भन्सार महशुल तिर्न लगाएका थिए । हजार रुपैयामा भारतबाट किनेर ल्याउँदै गर्दा भन्सारमा खटिएका सुरक्षाकर्मीले अवैध रुपले ल्याउँदै गरेको भन्दै भन्सार तिर नत्र बेबारिसे भन्दै दाखिला गर्ने भनेपछि बाध्य भएर भन्सार तिरेको उनको भनाई छ। त्यस्तै घरायसी प्रयोजनका लागि दुई किलो दाल, पाँच किलो चिनी र एक लिटर खानेतेल लिएर आउँदै गर्दा भन्सार गेटमा सुरक्षाकर्मीसँग वादविवाद भएको अर्का पीडित राजदेवी नगरपालिका १ मुडवलवाका अवधेश यादवले बताए । सुरक्षाकर्मीले सुरुमा भन्सार तिर्न जबरजस्ती गर्यो पछि छेउमा रहेको पान पसलमा ५० रुपैया दिने शर्तमा सजिलै छाडेको उनले बताए।

मासिक महिनावारी रहेका तस्करहरुले दिनभरी

- बाँकी पृष्ठ ६ मा

## ओलीको खल्तीको पात्र राष्ट्रपति हुनुहुदैंन : गगन थापा





मधेशदृष्टि
वीरगंज ,२१ माघ।
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले नेकपा एमालेका अध्यक्ष केपी ओलीले खल्तीबाट निकालेको पात्रलाई राष्ट्रपति बनाइए संविधान र लोकतन्त्र दुर्घटनामा पर्ने निश्चित रहेको बताएका छन् । थापाले देशमा राष्ट्रपतिको माध्यमबाट समानान्तर सरकार बनाउने

- बाँकी पृष्ठ ६ मा







# मैथिली विकास कोषमा पुरानै अनुहार



मधेशदृष्टि
जनकपुरधाम, २१ माघ । मैथिली विकास कोषको नयाँ कार्यसमितिमा फेरी पूरानै अनुहार दोहरिएका छन् । कोषको अध्यक्षमा पुनः जीवनाथ चौधरी चौथो पटक चयन सहित सदस्य सचिव र सदस्यहरु पनि पूरानै अनुहार रहेका छन् । शनिबार जनकपुरधाममा सम्पन्न कोषको साधारण सभाद्वारा आगामी कार्यकालका लागि अध्यक्ष पदमा चौधरीलाई चौथो पटक सर्वसम्मत चयन गरिएको हो ।यसअघि तिन कार्यकाल सम्हालेका चौधरी चौथो कार्यकालका लागि जिम्मेवारी बहन गर्ने भएका छन् । प्रत्येक ३/३ वर्षमा हुने नयाँ कार्यसमितिको लागि यसअघि नै ९ वर्षको तिन कार्यकाल सम्हालेका चौधरी चौथो कार्यकालका लागि फेरि चयन भएका हुन् ।सर्वसम्मतिबाट भएको नयाँ कार्यसमितिको सदस्य सचिवमा साहित्यकार श्याम सुन्दर शशी चयन भएका छन् । कार्यसमितिका एकजना सदस्य पछि मनोनित गरिने भन्दै कोषको सदस्यहरुमा सुनिल मल्लिक, नविन कुमार मिश्र, नित्यानन्द मण्डल, सुजित कुमार झा, पूनम झा मैथिली, अनिता रानी मण्डल, परमेश झा, विष्णुकान्त मिश्र, रामचन्द्र दास, पंकज महतो, मनमोहन साह, प्रमोद चौधरी र चयन भएका छन् ।

# बरहथवामा दुई सय परिवार अंध्यारोमै बस्न बाध्य

मधेशदृष्टि
सर्लाही, २१ माघ । सर्लाहीको बरहथवा नगरपालिका-११ का करिब पाँच सय परिवार दुई महिनादेखि अन्धकारमै बस्दै आएका छन् ।
त्यहाँ स्थित विशेश्वरनाथ सामुदायिक ग्रामीण विद्युत् सहकारी संस्थामार्फत २०६७ सालदेखि बिजुली बाल्दै आएका आफूहरु गएको मङ्सिर २७ गतेदेखि अन्धकारमा बस्न बाध्य भएको स्थानीयवासीले गुनासो गरेका छ ।
सहकारी संस्थाले बिजुलीको बक्यौता रकम चुक्ता नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणको बरहथवा वितरण केन्द्रले बरहथवा-११ को हीरापुर, हीरापुर ब्यारेज र खोरकट्टी गाउँमा बत्ती काटेपछि मङ्सिरदेखि आफूहरु अन्धकारमा बस्न बाध्य भएको स्थानीय श्याम महतोले बताए ।
उनका अनुसार सामुदायिक विद्युतीकरण अन्तर्गत विद्युत् प्राधिकरणले एक ठाउँमा थोक मिटर राख्ने र त्यही मिटर रिडिङ गरेर सहकारीको नाममा बिजुलीको एकमुष्ट बिल काट्ने गरेको थियो । त्यसपछि सहकारीले आफ्ना कर्मचारी खटाएर स्थानीयवासीको घर-घरमा रहेको मिटर रिडिङ गरेर पैसा सङ्कलन गर्दै आइरहेको थियो ।



पछिल्लो समय भने सहकारीले पैसा बुझाउन नसकेपछि प्राधिकरणले गाउँको बत्ती काटेदेखि आफूहरु अहिले टुकीको भरमा रात काट्न बाध्य भएको स्थानीय कपिल रायले बताए । उनका अनुसार मोबाइल चार्ज गर्नसमेत छिमेकी गाउँ वा बरहथवा बजारसम्म आउनुपर्ने बाध्यता छ ।नियमित बिजुली महसुल बुझाउनेको समेत बत्ती काटिएको स्थानीय लोकप्रसाद पराजुलीले आरोप लगाउँदै सहकारी संस्थाका पदाधिकारीले सुरुदेखि नै हेलचेक्र्याइँ गर्दा अन्धकारमा बस्नुपरेको परेको बताए । बिजुली नहुँदा बरहथवा-११ स्थित वडा कार्यालयमा अनलाइनबाट हुने सम्पूर्ण काम प्रभावित बनेको वडाध्यक्ष नवराज राईले बताए । उनका अनुसार बत्ती नरहेकाले अनलाइनबाट हुने घटना दर्ताका लागि सेवाग्राहीलाई नगरपालिका कार्यालयमै पठाउनुपर्ने बाध्यता सिर्जना भएको छ । प्राधिकरणले यसअघि पनि बेलाबेलामा गाउँमा आएर बत्ती काट्दा स्थानीयले पैसा उठाएर केही बक्यौता रकम तिरेर सञ्चालन गराउने गरेका भए पनि यस पटक करिब दुई महिनादेखि देखिएको समस्या समाधानमा कसैको चासो छैन । ग्रामीण विद्युतीकरण असफल भएपछि अब भने सोझै प्राधिकरणबाट घर-घरमा मिटर राखेर प्राधिकरणले नै मिटर रिडिङ गर्ने व्यवस्था मिलाउन लागिएको नगर प्रमुख कल्पनाकुमारी कटुवालले बताएका छन् ।
उनले ग्रामीण विद्युतीकरण गर्ने सहकारीले लेखापरीक्षण केही नगरेको र संस्था नै लथालिङ अवस्थामा रहेकाले प्राधिकरणकै माध्यमबाट बिजुली मिटर प्रयोग गरी महसुल सङ्कलनको व्यवस्था मिलाउन लागिपरेको बताइन् ।
नेपाल विद्युत् प्राधिकरणको बरहथवा वितरण केन्द्रका सुपरभाइजर छोटेलाल यादवका अनुसार हाल सहकारीको नाममा रहेको १३ लाख रुपैयाँ बक्यौता नगरपालिकाले तिर्ने सहमतिपछि सो गाउँमा मिटर जडान गरेर लाइन जोड्ने तयारी भइरहेको छ ।

# सिडियो मिश्र र एसपी मगरद्धारा प्रहरी युनिटहरुमा निरीक्षण

आरके श्रीवास्तव
गरुडा,२१ माघ । रौतहटका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रा र रौतहट प्रहरी प्रमुख एसपी बीरबहादुर बुढामगरले शनिवार जिल्लाको उतरी भेगमा रहेको ईलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरुमा अनुगमन गरेका छन् ।
सिडियो मिश्र र एसपी मगरले ईलाका प्रहरी कार्यालय कटहरिया, प्रहरी चौकी भवानीपुर, प्रहरी चौकी हरिनगर, प्रहरी चौकी छेदी चौकमा शनिवार निरीक्षण गर्न पुगेका थिए । अनुशासन, प्रहरी आचरण, शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा अनुसन्धान, अवैध भन्सार चोरी निकासी पैठारी नियन्त्रण, राजस्व चुहावट रोकथाम, आर्थिक अनियमितता, ट्राफिक नियन्त्रण तथा सि.सि.टि.भि. व्यवस्थापन लगायतका विषयमा प्रहरी युनिटहरुलाइ सिडियो मिश्रले निर्देशन दिएका छन् ।
सम्पुर्ण प्रहरी कर्मचारीहरुलाइ पुर्ण अनुशासित हुन,चेन अफ कमान्ड पालना गर्न र गराउने,समाजमा अपराध न्युनिकरण तथा शान्ति सुरक्षा गर्ने,सिमा नाकावाट हुने तस्करीहरु नियन्त्रण गर्ने, स्थानिय सुरक्षा निकाय, हरेक स्तरका व्यक्तिको गुनासो सुन्ने, महिला, बालबालिका, विपन्नलाई विशेष प्राथमिक्तमा राख्ने,सामुदायिक कार्यक्रम मार्फत समाजमा जनचेतना फैलाउने,अपराध अनुसन्धान तथा उजुरी छलफलमा विचौलियाको प्रभाव शून्य बनाउने, प्रहरी संगठनको छवि उच्च राख्ने कार्य गर्न, सुरक्षाका दृष्टिकोणले महत्वपूर्ण स्थानमा सिसिटिभि जडानमा पहल गर्ने कार्यमा सहयोग गर्न ,गराउन सवै लाई निर्देशन दिएका छन् । सो क्रममा कटहरिया म्युजिकल एफ.एम.का प्रबन्ध निर्देशक प्रकाश श्रेष्ठले, प्रहरी प्रमुख बुढामगर र मिश्रसंग भेट गरि जिल्लाको उतरी भेगको शान्ति सुरक्षा सम्बन्धमा अवगत समेत गराएका थिए ।

# झाको अल्पआयुमै निधन

मधेशदृष्टि , जनकपुरधाम, २१ माघ । जनक हजारी विद्यापीठ जनकपुरधामका सह-प्राध्यापक रुद्रकुमार झाको अल्पायूमै निधन भएको छ । मैथिली विभागका सह-प्राध्यापक एवं नेपाल विद्यापति पुरस्कार कोषका सदस्य सचिवसमेत रहेका ४५ वर्षीय झाको उपचारको क्रममा निधन भएको हो । जनकपुरधाम उपमहानगरपालिका-८ बलबा टोल बस्ने झाको छातीमा मंगलबार अचानक दर्द हुँदा



उपचारका लागि भारतको पटना लगिएको थियो ।
पटनामा उनको मुटुको शल्यक्रिया गरिएपनि उपचारकै क्रममा रहेका झाको शनिबार बिहान ४ बजे निधन भएको पारिवारिक स्रोतले जनाएको छ । झाको निधनले साहित्य क्षेत्रलाई अपूरणीय क्षति पुगेको मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले बताएका छन् ।

# प्रहरीको ज्यादती, ब्यापारीहरु आन्दोलित

मधेशदृष्टि
बारा, २१ माघ । बाराको सिम्रौनगढ़मा ब्यापारीहरुको पसलबाटै मालसमान प्रहरीले नियन्त्रणमा लिन थालेपछि स्थानीय ब्यापारीहरुले विरोधमा सिम्रौनगढ़ बजार बन्द गरेका छन् ।
प्रहरी विरुद्ध आन्दोलनमा उत्रिएका सिम्रौनगढ़का उद्योगी, व्यवसायीले प्रहरीको बिरोध गर्दै शनिबार सिम्रौनगढ़का सबै पसल लगायत बजार बन्द गरेका हुन् । सिम्रौनगढ़ उद्योग वाणिज्य संघले प्रेस बिज्ञप्ति जारी गर्दै वातावरण सहज नहुन्ज़ेल सम्म बजार बन्द रहने जनाएको छ ।
संघले आइतवार समेत सम्पूर्ण बजार बन्द चौक चौकमा दिउंसो ४ बजे टायर बालेर प्रदर्शन गर्ने निर्णय समेत गरेको छ ।




# जनकपुरधाममा वृहत सरसफाई



मधेशदृष्टि
जनकपुरधाम, २१ माघ। साप्ताहिक सरसफाइ अभियान अन्तर्गत जनकपुरधाम ७ र २२ मा महिला एवम् बालबालिकाको पहलमा शनिबार पनि बृहत सरसफाइ गरिएको छ।
जनकपुरधामको बसहिया रोडस्थित सोनासति मन्दिर नजिक एयरपोर्टको पछाडिमा अवस्थित शिव मन्दिर नजिक लवकी पोखरीको बृहत सरसफाइ गरिएको हो । सरसफाइ अभियानीहरूले आफ्नो सामाजिक उत्तरदायित्व बोध गर्दै लवकी पोखरी आसपासको क्षेत्रमा बृहत् सरसफाइ गरेका छन् ।
सरसफाइ अभियानीहरूले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत समय-समयमा बृहत् सरसफाइ अभियान, खानेपानी व्यवस्थापन, स्वास्थ्य शिविर सञ्चालनमा सहयोग, वातावरण व्यस्थापन लगायत वृक्षारोपण जस्ता विभिन्न कार्यक्रमहरू गर्दै आएका छन् ।
सो वृहत सरसफाइ कार्यक्रममा राष्ट्रिय सरसफाई अभियन्ता धिरेन्द्र साह, जिल्ला अदालत जनकपुरधामकी अधिकृत विष्णु भट्टराई, पत्रकार महासंघकी प्रदेश उपाध्यक्ष ज्योति झा, सदस्य प्रतिभा झा, सरसफाइ अभियानी रुवी झा, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत रेखा दत्त, जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२२ का वडाध्यक्ष उपेन्द्र सहनी लगायतका व्यक्तिहरूको उपस्थिती रहेको थियो ।

# सप्तरी र कैलालीमा नेपाल-भारत सहकार्य विषयक विचार गोष्ठी

मधेश दृष्टि
धनगढी, २१ माघ । विकास क्षेत्रमा नेपाल-भारत सहकार्य विषयक विचार गोष्ठी राष्ट्रिय एकता अभियान कैलाली र सप्तरीले आयोजना गरेको छ ।
धनगढीमा आयोजित विचार गोष्ठीका प्रमुख अतिथि अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले कार्यपत्र प्रस्तुत गर्दै दुई देशबीच एकअर्कासँग गहिरो सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक सम्बन्ध हुनाले विकास क्षेत्रमा पनि नेपाल-भारत सहकार्य आवश्यक रहेको बताए ।
उनले भने, 'छिमेकी देशहरूसँगको सुमधुर र मैत्रीपूर्ण सम्बन्धलाई विकास गर्ने र प्रवर्द्धन गर्ने नेपालको गम्भीर चाहना आफ्नो भूभाग भारत विरोधी तत्वहरूलाई दुरुपयोग हुन नदिने लामो समयदेखिको अडानबाट झल्कन्छ र उनीबाट पनि यस्तै पारस्परिक सहयोग र आश्वासनको अपेक्षा गर्दछ। दुई देशबीचको खुला सिमाना हाम्रो सम्बन्धको विशिष्ट विशेषता हो। प्रतिबन्ध बिनाको सिमानाले एकअर्काको क्षेत्रमा हाम्रा जनताको स्वतन्त्र आवतजावतलाई धेरै सहज बनाएको छ ।'
कार्यक्रमका अध्यक्षता गरेका नेपाली सांस्कृतिक परिषद्का महासचिव हर्क स्वाँरले नेपाल-भारतको संस्कृति मिल्दोजुल्दो रहेको बताए ।उनले भने, 'विकास क्षेत्रमा नेपाल-भारत सहकार्य अतिआवश्यक छ, यसले दुवै देशलाई सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक हिसाबले मुजबुत बनाउँछ ।'
कार्यक्रममा सहभागी ल्यान्स कलबका अध्यक्ष सीबी चन्द, नेपाल पत्रकार महासंघका सदस्य प्रेम चौधरी र वरिष्ठ पत्रकार कर्ण शाहले नेपाल-भारत मित्रतालाई जोड दिँदै दुवै देशका सरकार मिलेर अघि बढ्नु पर्ने बताएका थिए ।
त्यस्तै राजविराजमा आयोजित विचार गोष्ठीका प्रमुख अतिथि नेपाली कांग्रेसका नेता रामकुमार यादवले विकास क्षेत्रमा नेपाल-भारत सहकार्य हुनुपर्नेमा जोड दिए ।
उनले भने,'नेपाल-भारतबीच रोटी बेटीको सम्बन्ध छ, जसले दुई देशको सम्बन्धलाई अझ मजबुत बनाएको छ, नेपालको आर्थिक विकासमा भारतको ठुलो योगदान छ, त्यसैले अब विकास क्षेत्रमा नेपाल-भारत सहकार्य हुनुपर्छ ।'
त्यसैगरी कार्यक्रममा राष्ट्रिय एकता अभियान सप्तरीका सल्लाहकार अधिवक्ता सागर वीर कडारिले विकास क्षेत्रमा नेपाल-भारत सहकार्य विषयक कार्यपत्र प्रस्तुत गरेको थियो ।
कार्यक्रमको अध्यक्षता गरेकी राष्ट्रिय एकता अभियान सप्तरीकी जिल्ला संयोजक सुनिता चौधरीले पनि नेपाल-भारतको सम्बन्धको बारेमा चर्चा गरेकी थिइन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्र : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुन: सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखद:ख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# संक्षेप समाचार

## वार्षिकोत्सवको अवसरमा रक्तदान

सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र मिनाबजारको ८ औं बार्षिक उत्सवको अवसरमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको बीरगंज महानगरपालिकाका उप प्रमुख इम्तियाज आलमले उद्धाटन गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रमुख आलमले रक्तदान नै जीवनदान भएको हुँदा सम्पुर्ण नगरबासी एक ढिक्का भई रक्तदान गर्नपर्ने बताए।

उनले आफूले दान गरेको रगतले कसैको जीवन बचाउनमा ठूलो योगदान पुर्याउने भन्दै यो पवित्र कार्यमा सबैको सहभागिता हुनुपर्ने कुरामा जोड दिए। रगतको अभावकै कारण कसैले अनाहकमा ज्यान गुमाउन नपरोस भन्दै उनले बेलाबेलामा रक्तदान गरिरहन सबैलाई समेत आग्रह गरे । कार्यक्रममा ६ महिला सहित ५९ जनाले रक्तदान गरेका थिए। रक्तदान कार्यक्रममा जिल्ला प्रहरी पर्साका प्रमुख प्रहरी उपरीक्षक कोमल साह, नेकपा एमालेका केन्द्रीय सदस्य अरबिन्द सिंह, सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासोदिन ठकुराई, वडा प्रहरी कार्यलय विर्ताका प्रमुख प्रहरी निरीक्षक विशाल मल्ल लगायतको उपस्थिति रहेको थियो।

## भोजपुरिया माटीको विमोचन

मधेशदृष्टि, वीरगंज २१ माघ। नेपाल भोजपुरी प्रतिष्ठान वाराद्वारा प्रकाशित भोजपुरिया माटी त्रैमासिकको शनिवार एक कार्यक्रमका विच विमोचन गरिएको छ । भोजपुरी भाषाको उत्थानका लागि प्रकाशित भाषा साहित्य पत्रिकाको १८ औं अंक पुगेको अवसरमा स्वर्गिय चतुरि वैठाको स्मृतिमा प्रकाशित पत्रिकाको वरिष्ठ साहित्यकार डा. गोपाल ठाकुरले गरेका थिए। कार्यक्रममा डा.शोभाकर पराजुली, केदार वैठा, भोजपुरी प्रष्तिठान पर्साका अध्यक्ष उमाशंकर दुवेदी, प्रमोद पाण्डेय, माधव उपाध्याय, महन्थ प्रसाद यादव, दिपेन्द्र गिरी लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा भोजपुरी साहित्यकार तथा पत्रकार गोपाल ठाकुर लगायतका साहित्यकारलाई सम्मान गरिएको मृत्युन्जय प्रसाद साहले जानकारी दिए।

## एकल पुरुष तथा जेष्ठ नागरिकलाई सम्मान

मधेशदृष्टि, वीरगंज २१ माघ।

स्वर्गिय श्रीपति देवी साहको स्मृतिमा शनिवार वाराको रामपुर टोकनीमा ४० जना एकल पुरुष तथा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ। स्थानिय रामलाल प्रसाद साह तेलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रामचन्द्र साह तेली, रामलाल प्रसाद तेली, शंकर लाल साह तेली, बसन्त लाल साह तेली, राम ध्यान भर, राजेन्द्र साह कानु, सत्यनारायण राउत अहिर लगायत ४० जनालाई दोसल्ला ओढाएर सम्मान गरिएको छ।

## विपन्नलाई न्यानो वितरण

मधेशदृष्टि, वीरगंज २१ माघ।

नेपाल महिला मैत्री विकास केन्द्रद्वारा आज पोखरीया नगरपालिकाको वडा नम्बर ९ सिमरवारीमा आर्थिक अवस्था कमजोर भएका विपन्न वर्गका महिला पुरुष तथा बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरिएको छ। बल्यांकेट सहित सर्ट, पाइन्ट, ज्याकेट, बच्चाको न्यानो कपडा ४० जनालाई वितरण गरिएको संस्थाकी अध्यक्ष मालती कुशवाहाले जानकारी दिइन। सो अवसरमा रुपा पाण्डे, कविता देवी पासवान, अन्तिमा वैठा लगायतको सहभागिता रहेको थियो।

## भोजपुरी कला संस्कृति प्रशिक्षण

मधेशदृष्टि, वीरगञ्ज, २१ माघ।

वीरगञ्जको पिपरास्थित नृसिंह माविका विद्यार्थीहरुलाई भोजपुरी कला संस्कृतीका सम्बन्धमा प्रशिक्षण दिइएको छ।

नेपाल भोपजुरी समाजले भाषा र संस्कृतीको संरक्षण एवम् प्रवर्द्धन गर्ने अभिप्रायले प्रशिक्षणको आयोजना गरेको हो । समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा सो विद्यालयका छात्र-छात्रालाई भोजपुरी भाषा र संस्कृतीका बारेमा प्रशिक्षण दिईएको थियो । कार्यक्रममा समाजका सल्लाहाकार मनोज कुमार मिश्र, विद्यालयका प्रधानाध्यापक बिनोद मेहता, राजेन्द्र सिंह नेपाली, संजय गुप्ता, राज कुमार सरार्फ, त्रिलोकी पटेल लगायतको उपस्थिती रहेको थियो। कार्यक्रममा मधेशमा बजाईने डिजे, अश्लिल तथा दुई अर्थ लाग्ने शब्दको गितले समाजमा नकारात्मक असर परिरहेको बारेमा बिध्यालय स्तरबाटै सचेतना अभियान संचालन गर्न लागिएको समाजका सल्लाहाकार मनोज कुमार मिश्रले बताए। समाजले प्रत्येक साता सामुदायिक विद्यालयमा पुगेर विद्यार्थीहरुलाई भोजपुरी भाषा र संस्कृतीका सम्बन्धमा प्रशिक्षण दिदै आएको छ।

## चौतारीको बैठक तयारी अन्तिम चरणमा

मधेशदृष्टि, वीरगंज २१ माघ।

प्रेस चौतारी नेपालको माघ २९ गते हुने केन्द्रिय कमिटीको बैठक तथा कार्यशालाको तयारी अन्तिम चरणमा पुगेको छ।

कार्यक्रमका लागि पर्साका शाखामा ६ वटा उपसमितिको संयोजक तोकिएको यस अन्तर्गत आवास व्यवस्थापन उपसमितिले आफनो पहिलो चराणको कार्य सम्पन्न गरेको प्रेस चौतारी पर्साका अध्यक्ष श्याम बंजाराले जानकारी दिएका छन। यसैबिच, आईतबार प्रेस चौतारी नेपालको २५ औं स्थापनमा दिवसको अवसरमा बीरगंजमा प्रभातफेरीको आयोजना गरिने भएको छ। वीरगञ्ज घण्टाघरमा आईतबार बिहान ८ बजे प्रभातफेरी निस्कने जनाईएको छ।

## विद्यालयमा ताला फोडेर चोरी

मधेशदृष्टि, जनकपुरधाम, २१ माघ। धनुषाको एक विद्यालयमा ताला फोडेर चोरी भएको छ। जिल्लाको औरही गाउँपालिका-२ परवाहास्थित उच्च माध्यमिक विद्यालयको कार्यालयबाट ताला फोडेर अज्ञात समूहले विद्यालयका सामानहरु चोरी गरेको बताइएको छ। विद्यालयको कार्यालयको मेन गेटको ताला तोडेर प्रिन्टर, मोनिटर, सिसिटिभी क्यामेरा, कम्प्यूटर, शैक्षिक सामग्री, स्मार्ट बोर्ड, किबोर्ड लगायतका सामान चोरी गरिएको प्रहरीले जनाएको छ। विद्यालयको ताला फोडेर चोरी गर्नेको पहिचान भएको छैन। चोरीमा संलग्नको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए।

# वैश्य समुदायका उम्मेदवारलाई नियोजित रुपमा हराइयो

मधेशदृष्टि

जनकपुरधाम, माघ २१। वैश्य समुदायका लोकप्रिय क्याडरहरुलाई नियोजित रुपमा पराजित गर्न भुमिका निर्वाह गर्नेहरुलाई समुदायका अगुवाहरुले सचेत गराउनुपर्ने कुरामा वक्ताहरुले जोड दिएका छन्।

शनिवार जनकपुरधाममा नेपाल वैश्य युवा संघको आयोजित केन्द्रिय विस्तारित बैठक तथा अभिनन्दन समारोहलाई सम्बोधन गर्दै समुदायका अगुवाहरुले साहले आफुहरुले जग्गा दान गरेर मात्र नहुने भन्दै सबै मिलेर छात्रावासको निर्माणमा सहयोग गर्नुपर्ने माग गरे।

कार्यक्रममा मधेश प्रदेशकी नवनियुक्त समाजिक विकास मन्त्री सुरिता कुमारी साहले वैश्य समुदायको प्रतिनिधित्व स्थापित हुदै गएको बताउदै आन्तिरक द्वन्द्व र सहि गलत छुटयाउन सके झन प्रगती हुने बताईन । कार्यक्रममा वैश्य समुदायबाट गत



कसैको पैसा खाएर, अनाहक ईर्ष्या र इगोका कारण परिचालित भएर समुदायको सम्भावित विजेतालाई रोक्न काम विगतको निर्वाचनमा भएको भन्दै समिक्षा गर्नुपर्ने मांग गरे । वैश्य समुदायको कार्यक्रममा कहिल्यै नआउने मुख नदेखाउने तर चुनावमा वैश्य भनेर भोट माग्नेलाई मत दिन नहुने संघका अध्यक्ष दिलिपचन साहुले बताए । उनले जनकपुरधाममा गलत मनसाय र नियोजित हिसावले पुर्व लोकप्रिय सांसद परमेश्वर साहलाई पराजित गरिएको आरोप लगाए। कार्यक्रममा वैश्य कन्या छात्रावासका लागि जनकपुरधाममा करिव आठ करोड बराबरको चार कठ्ठा चार धुर जग्गादाता समाजसेवी ई प्रकाशचन्द्र स्थानिय र प्रदेश तथा संघिय निर्वाचनमा निर्वाचित वडा अध्यक्ष, पालिका प्रमुख र उपप्रमुख सहित प्रदेश र संघका सांसद तथा मन्त्रीहरुलाई अभिनन्दन गरिएको छ । कार्यक्रममा प्रदेश सांसद किरण साह, निवर्तमान प्रदेश सांसद परमेश्वर साह, नेत्र विक्रम साह, निवर्तमान संघिय सांसद प्रमोद साह, पुर्व संघिय राज्यमन्त्री अरविन्द साह, मधेश कृषि विश्वविद्यालयका उपकुलपती डा. बैद्यनाथ महतो, राष्ट्रिय तेली कल्याण समाजका अध्यक्ष पर्साका विश्वनाथ साह सहित प्रदेश २ र मधेशका विभिन्न पालिकाका प्रमुखहरु सहितको सहभागिता रहेको थियो।

# हतियार र तमसुक सहित एक मीटरब्याजी पक्राउ



मधेशदृष्टि

जनकपुरधाम, माघ २१ गते । धनुषा प्रहरीले तमसुक र हतियार सहित एक मिटर ब्याजीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका १ निवासी दिलिप साह रहेको प्रहरीले जनाएको छ । मिटर ब्याजमा पैसा लगाउँदै साह विरुद्ध जिल्ला प्रशासन कार्यालय धनुषामा साह बिरुद्ध उजुरी परेपछि जिल्ला प्रहरी धनुषाबाट खटेको टोलीले उनलाई पक्राउ गरेको हो।

जनकपुरधाम उपमहानगरपालिका १ स्थित निजको घर तथा पसलमा खान तलाशी गर्दा हतियार र विभिन्न कपाली तमसुक बरामद भएको धनुषाका प्रहरी प्रवक्ता प्रदीपबहादुर क्षेत्रीले जनाएको छ । प्रहरी नायव उपरीक्षक दिपक कुमार रायको कमाण्डमा खटिएको टोलीले खान तलासी गर्दा कटुवा पेस्तोल १ थान, ३०३ राईफलमा लाग्ने गोली ४ थान, म्यागनममा लाग्ने गोली १ थान १ र म्यागनमको खोका १ थान बरामद उनले जानकारी दिए।

यसका साथै प्रहरीले आरोपित साह तथा उनको श्रीमति ममता देवी साह समेत नाममा रहेको राजिनामा फारम सहितको जग्गा धनि पुर्जा ३९ थान, दिलिप साहको नाममा जग्गा रोक्का रहेको फारम ५ थान, रकम उल्लेख नभई दस्तखत भएको सिटिजन बैंकको चेक १ थान, कपाली तमसुक १५ थान, खाली कागजमा सहिछाप भएको ६ वटा पाना, लेनदेन मुद्दाको विपक्षी पवन नारायण झाको नाममा रहेको सक्कलै म्याद बान १ थान, लेनदेन मुद्दाको दिलिप साहको नाममा रहेको तारेख पर्चा १४ थान समेत बरामद भएको हो ।

पक्राउ परेका साह विरुद्ध थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# अहमदिया संघद्वारा आँखा शिविर आयोजना



मधेशदृष्टि

वीरगञ्ज २१ माघ

पर्साको विन्दवासिनी गाउँपालिकामा अहमदिया संघ नेपालले आज आयोजना गरेको निःशुल्क आँखा शिविरमा १ हजार ३ सय ७२ जनाको नेत्र परिक्षण गरिएको छ।

'सबैलाई प्रेम गर कसैलाई घृणा नगर' भन्ने मुल नाराका साथ अहमदिया संघ नेपालले विन्दवासिनी गाउँपालिका वडा नं ५ को प्रसौनी भाठ्ठामा निशुल्क आँखा शिविर सम्पन्न गरेको हो।

केडिया आँखा आस्पताल बीरगंजको प्राविधिक सहयोगमा आयोजित शिबिरमा १ हजार ३ सय ७२ जनाको आँखा परिक्षण गरिएकोमा २ सय ५० जनामा मोतियाबिन्दु देखिएको छ।

मोतियाबिन्दु भएकाहरुलाई आर एम केडिया आँखा आस्पताल बीरगंजले निशुल्क रुपमा सल्यक्रिया गर्ने जनाइएको छ।

अहमदिया संघ नेपालका अध्यक्ष कमरुलहोदा अंसारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भारतीय महावाणिज्य दूतावास वीरगञ्जका काउन्सलर शशि भुषण कुमार, विन्दवासिनी गाउँपालिका अध्यक्ष प्रमोद तिवारी, उपाध्यक्ष ज्योति चौरसिया लगायत स्थानिय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवीहरुको सहभागिता रहेको थियो।

# सवारी दुर्घटनामा एकको मृत्यु

मधेशदृष्टि

सर्लाही, २१ माघ । सर्लाहीमा स्कुल बसले मोटरसाइकललाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा जिल्लाको कबिलासी नगरपालिका-९ बस्ने १८ वर्षीय दिपेन्द्र महतो रहेको प्रहरीले जनाएको छ।



शनिबार बिहान करिब १० बजे मलंगवा नगरपालिका-४ स्थित नवलपुर मलंगवा सडक खण्डमा मलंगवाबाट गमहरियातर्फ जाँदै गरेको ना १ क ४९५१ नम्बरको जेसिस अंग्रेजी आवसीय माध्यमिक विद्यालयको बसले भारतीय नम्बर प्लेटको तीनजना सवार मोटरसाइकललाई ठक्कर दिँदा महतोको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी विजय यादवले जानकारी दिए । महतोलाई दुर्घटना पश्चात प्रादेशिक अस्पताल मलंगवामा ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको डीएसपी यादवले बताए।

सोही दुर्घटनामा मोटरसाइकलमा सवार दुई युवतीको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# ठोरीमा निशुल्क स्वास्थ्य शिविर आयोजना



मधेशदृष्टि

वीरगंज २१ माघ।

एभर ग्रिन तराई अस्पताल सिमराको आयोजनामा पर्साको ठोरी गाउँपालिका वडा नम्बर २ गौतम नगरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ । गौतम नगर स्थित सरस्वती उच्च मावि को परिसरमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा आँखा, दात, हाड नसा, स्त्रीरोग, सर्जन, जनरल फिजिसियन सम्बन्धीत रोगका १४ जना चिकित्सकहरुको टिमले स्थानिय सर्वसाधारणको स्वास्थ्य परिक्षण गर्नुका साथै निःशुल्क रुपमा औषधी समेत वितरण गरेको सामाजिक अभियनता प्रकाश थारुले जानकारी दिएका छन।

सो अवसरमा ३ सय ७० जना स्थानियको स्वास्थ्य परिक्षण गरिएको थियो । स्वास्थ्य शिविरमा डा. कृपा सिन्धु चौधरी, डा.रविन्द्र सिंह लगायतका चिकित्सकहरुको सहभागिता रहेको थियो।



## सम्पादकीय

# दलहरुको द्रव्य मोह !

सरकार गठन भएको तीन साता पछि मधेश प्रदेश प्रदेश सरकारमा विस्तार भएको छ। केन्द्रीय गठबन्धन अर्न्तगत जसपा नेतृत्वमा गठन भएर विस्तार भएको सरकारमा माओवादी भने सहभागि भैसकेको छैन । मन्त्रालयको संख्याका साथसाथै माओवादी भित्र को सरकारमा को जाने भन्ने हानाथापका कारण सहभागिता रोकिएको हो । संभवत, माओवादी अध्यक्ष एवं मुलुकका प्रधानन्त्री पुष्पकमल दाहालको आदेशात्मक निर्देशन पछिमात्र माओवादी मधेश सरकारमा सहभागि हुने छ। मुख्यमन्त्री सरोजकुमार यादवले माओवादीका लागि मन्त्रालय खाली राखेर ६ जना मन्त्रीहरु र ३ जना राज्यमन्त्री सहितको मन्त्रिपरिषद विस्तार गरेका छन्। नयाँ नियुक्त मन्त्रीहरुले प्रदेश प्रमुख हरिशंकर मिश्रबाट शपथ लिइसकेका छन् र आआफ्नो कार्यभार पनि सम्हाली सकेका छन्।

मधेश प्रदेशको राजनीतिक सामाजिक जीवनमा दोश्रो आम निर्वाचन अघिल्लोको तुलनामा भिन्न छ। निर्वाचनमा कमजोर उपस्थितिबीच जसपाले सरकारको नेतृत्व पाएको छ। अहिले जसोतसो सरकार विस्तार भएको छ, अझै पूर्णता पाइसकेको छैन । अघिल्लो संसदमा अहिलेका मुख्यमन्त्री सरोजकुमार यादव आफै सभामुख थिए । सरकार, संसद दुबैमा मधेशवादी दलको कब्जा थियो, समितिहरु सबैजसो आफ्नै थिए। अहिलेको समिकरण भिन्न छ। एमाले सबै भन्दा ठूलो दलको हैसियतमा छ । संसदको नेतृत्व एमालेले गरेको छ। मधेशवादी दलहरु मध्येको लोसपा सत्ता बाहिर छ। कांग्रेस संसद संख्याका हिसावले सशक्त प्रतिपक्षी हो । उसले आफ्नो भूमिका कसरी निर्वाह गर्ने हो ? मधेशको राजनीतिमा दोश्रो आम निर्वाचनबाट उदाएको जनमत पहिलो पटक संसदीय राजनीतिमा प्रवेश गरेको उ जुझारु स्वभावको देखिन्छ ।मन्त्रीमण्डल विस्तार हुन भएका विलम्ब, मन्त्रालय विवाद र माओवादीको अनुपस्थितिले आगामी दिनहरु सहज छैनन्, चुनौतीबीच छ सरोजको सत्ता।

सत्ता साझेदारबीच कुन कुन मन्त्रालय लिने भन्ने कुरा धेरै विवादमा पर्यो र अन्त्यमा एक आपसमा परिस्थितिजन्य सहमति बनेको देखिन्छ । मुख्यमन्त्री, अर्थमन्त्रालय, सामाजिक विकास र खानेपानी तथा उर्जा मन्त्रालय जसपाको जिम्मामा छ। मुख्यन्त्रीले पर्यटन, उधोग तथा वन मन्त्रालय राखेको भएपनि यि मन्त्रालयहरु माओवादीका लागि सुरक्षित राखेको बुझिन्छ । जसपाका एक जना सामाजिक विकास राज्यमन्त्री छन् । मन्त्रीमण्डलमा मुख्यमन्त्री सहीत जसपाका जम्मा ५ जना छन्।

सत्ताको लगाम पक्रिएको एमालेले भौतिक पूर्वाधार, गृह तथा संचार, कानून तथा महिला बालबालिका गरी चारवटा मन्त्रालय लिएको छ र राज्यमन्त्री सहीत ५ जना मन्त्री छन्। जनमत पार्टीले शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य र भूमि व्यवस्था, कृषि सहकारी मन्त्रालय पाएको छ। एकजना राज्यमन्त्री सहीत जनमतका तीनजना मन्त्री छन्।

पुस २९ गते मुख्यमन्त्री यादवले ३ बिना विभागिय मन्त्रीहरु सहित शपथ लिएका थिए । सरकार गठनको तीन सातापसम्म मुख्यतः जनमत पार्टीले सामाजिक विकास मन्त्रालय पाउनैपर्ने अडान राख्दै आएको थियो । अन्त्यमा सामाजिक विकास मन्त्रालयलाई फुटाएर शिक्षा र वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई समावेश गरी शिक्षा, विज्ञान, वाणिज्य नामाकरण गरियो र जनमतको चित्त बुझाइएको देखिन्छ।

जसपा र जनमतबीच तानातानामा रहेको सामाजिक विकास मन्त्रालयमा जसपामा हालै प्रवेशी गरेकी सुरिता साहले त्यसको नेतृत्व गर्देछन्। सामाजिक विकास मन्त्रालयमा दुबै पार्टीमा आँखा लगाउनुका पछाडि मन्त्रालयको धेरै बजेट हुनुलाई मानिन्छ । यसै कारण, बजेट भागवण्डा मिलाउन सामाजिक विकास मन्त्रालय अर्न्तगत रहेको शिक्षालाई विगतको विज्ञान, प्रविधि तथा वाणिज्यमन्त्रालयमा लगेर जोडिएको छ ।शिक्षाको ठूलो आकारको बजेटमा जनमतले अरनखटन गर्न पाओस र सामाजिक विकासको बजेट जसपाले चलाउन सहज होस भन्ने भित्रि उदेश्य राखेको पाइन्छ। यस बाहेक जसपाले सामाजिक विकास मन्त्रालय आफैसँग राख्नुको ध्येय विगतमा यस मन्त्रालय अर्न्तगत ठूलो रकम बेरुजुमा पर्नु पनि हो भनिन्छ । करिव ७८ करोड बेरुजु पछाडिका कारण अन्य दलले खोतल्न नपाउँन भन्ने मनसाय पार्टीको देखिन्छ । उता जनमत, कोरोना महामारीको समयमा बेहिसाव खर्च भएका यावत कुरा खोतल्न चाहन्छ। यस्तै अभिव्यक्ति जनमतका जिम्मेवारले दिदैं आएका पनि हुन्। सामाजिक विकास मन्त्रालयको आकर्षण लुकाउन खोज्ने र छताछुल्ल पार्ने चाहनाले निर्देशित भएको त होइन ? प्रश्नहरु उब्जिएका छन् । मन्त्रालयहरुको बाँडफाँडको मुख्य आधारनै बजेटलाई केन्द्रमा राखेर गरेको देखिन्छ । विकासे मन्त्रालय र सामान्य मन्त्रालयहरुलाई एक आपसमा मिलाएर मात्र भागवण्डा गरिनुको उदेश्य स्पष्ट छ, दलहरुको द्रव्य मोह।

सरकार गठनका क्रममा देखिएको यस्तो द्रव्य मोहका दलबीच मुख्यमन्त्री सरोजले कसरी तीन महिना भित्र भष्ट्राचार निर्मूल गर्ने हुन ? चासोकासाथ प्रतिक्षा गर्नुको विकल्प छैन।

## कबीरा खड़ा बाजार

# मधेश प्रदेशमा सरोज सरकार



– चन्द्रकिशोर

*पछिल्ला तीन वटा मधेस आन्दोलनले जनस्तरमा सोचाई र बुझाईमा निकै फेरबदल ल्याई दिएको छ। लोकतन्त्रमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो कुरा भन्ने पुरै स्वतन्त्रता हुनैपर्छ। यो कुरा भन्ने ढङ्ग पनि अहिंस्रक र औचित्यपूर्ण हुनुपर्छ। गजेन्द्र नारायण सिंहको जन्म क्षेत्र रहेको मधेश प्रदेशले संघीयताको सबल अभ्यासमा सबैको सहयोग र समन्वयमा अगाडि वढ्ने सरोज सरकारले परिपाटी निर्माण गर्नु नै उहांप्रतिको सच्चा आदराञ्जली हुनेछ।*

मधेश प्रदेशमा लालबाबु राउतले आफ्नो पूरै कार्यकाल बिताए। बहुतांश प्रदेशहरूमा सरकार हेरफेर हुँदै रह्यो। अहिले दोश्रो आम निर्वाचन पश्चात सरोज कुमार यादव नेतृत्वमा सरकार छ। उनको उपस्थिति सामान्य ज्ञानमा उपयोग हुने खालको छ। त्यो कसरी भने उनी यस अघि मधेश प्रदेश सभाका सभामुख थिए , अहिले मुख्यमन्त्री बने । यसरी मधेश प्रदेशमा सभामुख र मुख्यमन्त्री एउटै ब्यक्ति बन्ने उनी पहिलो भए।

अर्को कुरा सरोज कुमार यादव मधेशका अग्ला नेता गजेन्द्र नारायण सिंहका अनुयायी हुन् । उनले दलहरू फेर्दै गरे तर गजेन्द्र पथलाई छाडेनन् । अहिले पनि गजेन्द्र नारायण सिंह प्रति उनको गहिरो निष्ठा छ। संयोग कस्तो भयो भने उनी मुख्यमंत्री बनेको लगतै माघ १० गते गजेन्द्र नारायण सिंहको पूण्यतिथी मनाईयो।

खलील जिब्रानले लेखेका छन्, ‘कुनै व्यक्तिको मनोभावलाई यदि बुझ्नु छ भने उसले अहिलेसम्म के हासिल गऱ्यो त्यतातिर नहेर्नुस, बरु उसले के गर्ने अभिलाषा राखेको छ, त्यतापट्टि बढी ध्यान दिनुस।’

गजेन्द्र नारायण सिंहलाई आदरले “गजेन्द्रवावु भनेर सम्बोधन गरिन्थ्यो । गजेन्द्र वावु ज्यूदै छँदा के कस्ता राजनीतिक उपलब्धि प्राप्त गरे भन्दा पनि आज उनले समाएको गोरेटो समातेर मधेसी राजनीतिले के कस्तो फराकिलो लोकमार्ग निर्माण गर्न पुगेको छ त्यो महत्वपूर्ण हो । गजेन्द्र वावूको मूल्यांकन गर्ने बेला त्यस कालखण्डको समस्याहरुमाथि पनि एक नजर राख्नु पर्छ र आजका समस्याहरुसँग त्यसको तुलना पनि गर्नुपर्छ।

अहिलेको जुन मध्यमार्गी मधेसी राजनीति छ त्यो उहाँको सपनाको विस्तार हो । मधेसी राजनीति उहाँको महान गुणहरुको जीवन्त स्मारक बन्न पुगेको छ । त्यसैले पनि अहिले उहालाई कसरी सम्झिने गरिएको छ, किन सम्झिने गरिएको छ, कसले सम्झिराखेको छ, कहाँ सम्झिदै छ र को सम्झिदै छन् भन्ने सवाल पनि महत्वपूर्ण हुन आएको छ । विगतको विवेचना नगरिकन आगतको सुखद चाहना राख्न सकिदैन।

आजको मधेसी राजनीति इतिहासको अध्यारोवाट निस्किएर आएको छ। यो अध्यारो मामुली थिएन - शताब्दियौ लामो थियो । शताब्दीहरुको अध्यारो सुरुङ्गमा जो कोही मसालहरु बले, त्यसको नाम रघुनाथ ठाकुर, पण्डित रामाकान्त झा, मुन्सी दयाशंकर गुप्ता, कुलानन्द झा, दुर्गानन्द झा, डा.लक्ष्मी नारायण, रामजनम तिवारी, श्यामलाल मिश्र, रामचन्द्र मिश्र, गंगाधर झा, रघुनाथ राय, सत्यदेवमणी त्रिपाठी लगायतका थिए।

यो सूची निकै लामो छ। त्यसैले भन्नु परेको छ मधेसी राजनीतिमा अहिले देखिएका अनुहारहरु “मुहान होइन, यिनीहरु तँप्रवाह हुन्। उसो त कतिपयले अहिले मान्ने गरेका छन्, “म जहाँ खडा छु पंक्ति त्यहीवाट शुरु भएको छ। मलाई लाग्छ इतिहासको कुनै पनि सरलीकरण तिनकै अस्तित्वलाई चुनौती दिन्छ। हो जसले अन्तिम प्रहार गरे तिनलाई लाग्न सक्छ कि ढुङ्गा मैले नै फोरेको हुं। तर उसले विर्सिरहेको हुन्छ कि इतिहासमा त्यो ढुङ्गामाथि अनेकौ प्रहार गर्नेहरु थिए।

यस कुरालाई यसरी पनि भन्न सकिन्छ घरको जगमा छोपिन गएका ईटहरुलाई जो कोहीले सम्झिदैन, चिन्दैन, चिनाउँदैन तर उसले छानामा रहेको चम्किलो ईटलाई सम्झिरहेको हुन्छ,

> “मधेश प्रदेशले यस्तो परम्पराको शुरुवात गर्नु पऱ्यो जहाँ वृहतर हितमा सबैको स्वार्थ निश्चित छ भन्ने साझा बोध गराओस। यस्तो कचिङ्गलहरुको शुरुवात नहोस जसले यो प्रदेश टुक्रिने स्थिति आओस । मधेश प्रदेशलाई सफलतापूर्वक चलाउन नभई नहुने कुरा भनेको यस भूगोल भित्रका प्रत्येक पक्ष र पंक्तिले आफु सम्मान र सुरक्षित प्राप्त गरेको देखिनु हो । संघीयता विरोधीहरूले यस संवेदनशीलतालाई बुझेका छन, कुनै पनि प्रहार गर्न कस्सिएर बसेका छन् ।

सम्झाई रहेको हुन्छ । तत्कालमा देखिएको चिन्ने र चिनाउनेको यो लुकामारी खेल जतिसुकै नै खेलियोस तर यसले जगका ईटहरुको अवमूल्यन गर्ने नैतिक साहस राख्दैन।

तराई काँग्रेसको पतन पश्चातको विकट र दुविधाग्रस्त समयमा जुन अडिग, निश्चय र दूरदर्शिताका साथ गजेन्द्रवावु मधेसी संगठन निर्माण कार्यमा आफुलाई समर्पित बनाए, आजको मधेसी दलहरु तिनै प्रयत्नहरुको परिस्कृत परिणाम हो।

गजेन्द्रवावुलाई केवल मधेसी राजनीतिसँग जोडेर मात्र हेर्न मिल्दैन । उनी नेपालमा लोकतन्त्र स्थापनाका लागि प्रतिवद्ध एक पुराना योद्धा थिए। २००७ साल देखि जीवन पर्यन्त उनले आफुलाई नेपाली लोकतन्त्रकाप्रति संघर्षशील व्यक्तिका रुपमा उभ्याए।

नेपालको राजनीतिक भूगोलभित्र बस्ने जो कोहीकोवीच आपसी सम्बन्धका व्याकरण कस्तो हुने, त्यसैगरी राज्य र नागरिक वीचको सम्बन्ध कसरी सम्मानजनक हुने र नेपालमा गैर वरावरीलाई समाप्त पारी समतामूलक समाज कसरी निर्माण गर्न सकिन्छ, उनी आजीवन त्यसैका लागि चिन्तित देखिए । हो उहांको कार्यक्षेत्र मधेस रह्यो।

उहाँ सप्तरीको एउटा सीमान्त गांउमा जन्मिएर पनि नेपाली जनतालाई बलियो वनाउन चाहन्थे । नेपालमा लोकतान्त्रिक व्यवस्था अन्तर्गत नयाँ संरचनाको परिकल्पना उनको थियो । नयाँ संरचनाको परिकल्पनाको बहसमा नेपाली राज्य, राज्य संचालनको प्रक्रिया तथा राज्य र समाजका विभिन्न समूहहरु बीचको आपसी सम्बन्धलाई आधार मानेर अगाडि बढ्नुपर्ने उनको मांग थियो।

उनी राज्य र सामाजिक समूहहरुको सम्बन्ध तथा भूमिकाको वारेमा व्यापक रुपमा प्रश्न उठाए । उनका अनुसार नेपाली सन्दर्भमा राष्ट्रिय एकता र सार्वभौमिकतालाई सर्वोपरी राखी राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास गर्ने अधिकारको रुपमा संघीयतालाई बुझ्नुपर्ने थियो । आज उहाँ वितेको लामो समय पश्चात नेपाल संवैधानिक रुपमा संघीयतामा प्रवेश गरेको छ।

प्रदेश सभाको दोश्रो पटक निर्वाचन भैसकेर नयाँ सरकार बनिसकेको छ । यो भनेको गजेन्द्र नारायण सिंहले हिड्न खोजेको गोरेटोको सार्थकता हो । निश्चित रुपमा उनी मधेसमा जे जुन प्रकारका प्रदेशहरुको वनावट चाहन्थे र जस्तो संघीयताको अभ्यास गर्न खोजेका थिए त्यस्तो हुन पाएको छैन। तर जे जस्तो रुपको संघीयता आएको छ अब यसवाट देश पछाडि फर्केर जान सक्दैन।

संघीयताले नागरिकहरुलाई पहिचान सहित संगठित हुने अवसर दिन्छ । पहिलो कार्यकालका आफ्नै खालका अवसर र चुनौतीहरू थिए । सबै कुरा पहिलो पटक हुँदै थिए। नयाँ लिक कोर्नु थियो ।तर अब जिम्मेदारी पाएकालाई केही सहज छ । तर जिम्मेवारीको गुरूत्व कम छैन। मधेश प्रदेशले अब आफ्नो इतिहास, परम्परा, बनावट र बसोवासको आधारमा आफ्नो विशिष्ट पहिचान निर्माण गर्नुपर्छ । आफ्नो सार्मथ्यहरुलाई विस्तार गर्दै यस भेगका नागरिकहरुको राज्यप्रति अपनत्व कसरी वृद्धि गर्ने त्यसका लागि साझा प्रयत्न गरिनुपर्छ । मधेश प्रदेश आफैमा विविधता बोकेको क्षेत्र हो। यो विविधता माझ समन्वयको सुत्रहरुको पहिचान गर्ने बेला आई सकेको छ।

> “मधेश प्रदेशका समक्ष चुनौतीहरु कम छैनन् । अहिले पनि जिल्ला समन्वय समिति को नाममा जिल्लाको अस्तित्व कायमै छ । प्रदेशको नियन्त्रणमा कुन र कस्तो सुरक्षा संयन्त्र हुने टुङ्गो छैन ? प्रमुख जिल्ला अधिकारीहरुको जवाफदेहिता केन्द्रवाट प्रदेशमा रुपान्तरित भएको छैन, मधेश प्रदेशमा रहेका पूर्वाधारहरुको विकास कसरी गर्ने त्यसको रुपरेखा कसैसंग छैन ।

काठमाण्डौबाट हेर्दा मधेश प्रदेशमा एउटै पहिचान देखिएला तर भूई सतहवाट हेर्दा यो पहिचानहरुको मिश्रित प्रदेश हो । यी कुराहरु अहिले पटक पटक भन्नु परेको छ । किनभने संघीयता भनेको सम्झौता पनि हो। यसमा हुने कुनै पनि निर्णय दवावकारी हुनसक्दैन, स्वेच्छिक हुन्छ । स्वेच्छिक निर्णय हुनका लागि सरोकारवाला सबै पक्षहरु माझ संवाद हुनु पर्छ।

संवादले अपनत्व ल्याउंछ, संवादले समझदारीको निर्माण गर्छ । संघीयता भनेको अत्यन्तै गम्भीर रुपमा विचार गरेर आपसमा “नेगोसिएट गर्नुपर्ने विषय हो। अर्थात मधेश प्रदेशमा हुने कुनै पनि व्यापक प्रभावको निर्णयमा प्रादेशिक विमर्श हुनुपर्छ । यहां सबैले आफु खुशी सडक तताएर मन चिताएको पाउने होइन।

मधेश प्रदेशले यस्तो परम्पराको शुरुवात गर्नु पऱ्यो जहाँ वृहतर हितमा सबैको स्वार्थ निश्चित छ भन्ने साझा बोध गराओस। यस्तो कचिङ्गलहरुको शुरुवात नहोस जसले यो प्रदेश टुक्रिने स्थिति आओस । मधेश प्रदेशलाई सफलतापूर्वक चलाउन नभई नहुने कुरा भनेको यस भूगोल भित्रका प्रत्येक पक्ष र पंक्तिले आफु सम्मान र सुरक्षित प्राप्त गरेको देखिनु हो । संघीयता विरोधीहरूले यस संवेदनशीलतालाई बुझेका छन, कुनै पनि प्रहार गर्न कस्सिएर बसेका छन्।

मधेश प्रदेश को सम्बन्धमा आम नेपालीमा थुप्रै प्रश्न, आशंका, अस्पष्टता र द्विविधाहरु व्याप्त छन् । प्रदेश संचालनको जिम्मेवारी वहन गर्ने सभासद र राजनीतिक दलका नेता एवं कार्यकर्ताहरुमा समेत मधेश प्रदेशका सम्बन्धमा थुप्रै जिज्ञासाहरु रहेको पाइन्छ । त्यसैले मधेश प्रदेश वारे यहांका प्रत्येक वासिन्दा स्पष्ट हुन अत्यन्त जरुरी छ । किनभने यसको टुङ्गो नलागी मधेश प्रदेशले सार्थक र सन्तोषजनक यात्रा गर्न सक्दैन। प्रदेश सभाको सर्वोच्चता र मर्यादा प्रखर रुपमा प्रकट होउन ।

विगतमा प्रदेश सभाको भूमिका गुणस्तर युक्त रहन सकेन। दलहरूले आफ्ना बरिष्ठ कार्यकर्ताहरूलाई प्रदेश सभामा पठाउन रूचाएनन् । पहिला पनि यस्तै भयो , यसपटक पनि यस्तै भयो। मधेश प्रदेशका समक्ष चुनौतीहरु कम छैनन् । अहिले पनि “जिल्ला समन्वय समिति को नाममा जिल्लाको अस्तित्व कायमै छ। प्रदेशको नियन्त्रणमा कुन र कस्तो सुरक्षा संयन्त्र हुने टुङ्गो छैन ? प्रमुख जिल्ला अधिकारीहरुको जवाफदेहिता केन्द्रवाट प्रदेशमा रुपान्तरित भएको छैन, मधेश प्रदेशमा रहेका पूर्वाधार हरुको विकास कसरी गर्ने त्यसको रुपरेखा कसैसंग छैन।

पुराना जुन संरचनाहरु छन् त्यसको वारेमा फरक फरक दृष्टिकोणहरु आई राखेको छ। यहीनिर साझा सहमतिको विन्दु खोजी गर्न विज्ञहरुको भूमिका महत्वपूर्ण हुन्छ । विभिन्न धारणाको सही अध्ययन र दिगो संरचना सुझाउन उनीहरुले आफ्नो विशेषज्ञताको प्रयोग गर्न सक्छन्।

मधेश प्रदेशको यथार्थ धरातल बुझेर यहांका मुद्दाहरुलाई सुल्झाउनु, जटिलताहरुलाई व्यवस्थित गर्न, अगामी वाटोलाई सहज बनाउन, प्रादेशिक अभ्यासको

अवधारणालाई यस प्रदेशका वासिन्दाहरु माझ देखिने, बुझिने र अनुभूत गर्न सकिने संरचना र पद्धतिमा ढाल्न उत्प्रेरित गर्ने, यस प्रदेश मै विज्ञहरुको कमी छैन। पहिला त

विज्ञहरुले आफ्ना अनुभवलाई सार्वजनिक विमर्शमा ल्याउनु प-यो, आफु पनि लगनशील देखिनु प-यो, त्यसैगरी प्रदेश प्रमुख, प्रदेश सरकार र प्रदेश सभाले परामर्श वा

छलफलका निम्ति आफुलाई उदार बनाउनु प-यो । मधेश प्रदेशको जनताको भावनालाई प्रतिनिधित्व गरीलगतिलो प्रादेशिक अभ्यास निर्माण गर्ने चुनौतीमा विज्ञहरु सहयोगी हुने अपेक्षा सर्वत्र गरिएको छ। यस अघि राजनीतिक नेतृत्वको अनुकम्पामा दलिय भागबण्डाका

आधारमा राजनीतिक नियुक्तिहरू भयो , परिणामस्वरूप त्यसले कमसल काम भयो । मंत्रिमंडलमा दलित र पहाड़ी समुदाय अटाउन सकेन । प्रायः भन्ने गरिन्छ मधेस आन्दोलनको कोखवाट निस्किएका मानिसहरु भ्रष्ट भए, उनीहरुले जातिवादलाई हावा दिए । राजनीतिमा विकृतिकरणको शुरुवात पनि यही आन्दोलनको देन हो । तर अहिले फर्केर हेर्दा भन्नै पर्ने हुन्छ यस्तो आक्षेपमा आंशिक सत्यता मात्रै हो । जसरी नदीमा विस्तारै विस्तारै लहर हरुले त्यसको धारा फेर्न सफल हुन्छ र आफुलाई विदा गर्छ।

ठीक त्यसै प्रकारले लामो मधेसी राजनीतिले विस्तारै विस्तारै उर्ध्वमुखी हुदै गएको छ । एकजनाले घूर संवादमा भनेको कुरा म साझेदारी गर्न चाहन्छु, “कुछ नेताओं के भटक जाने से मधेस नही भटका करते । मधेसी राजनीति जसरी जसरी विकास गर्दै गयो नेपालमा मधेसी पहिचान स्थापित भयो, संघीयताले एउटा रुप लियो, समावेशीको एजेण्डा गुन्जियो । त्यसैगरी मतदाता स्तरमा पनि व्यापक परिवर्तनको शुरुवात देखियो।

यो भन्दा पहिला पिछडावर्ग आम चुनावमा ज्यादा गरी मतदाताको भूमिकामै देखिन्थे । जिल्लाको राजनीतिमा “दाजु हरुको कव्जा थियो जो काठमाण्डौको सत्ताको नजिक हुन्थे । आन्दोलन र आन्दोलनकारी एउटा निश्चित समयका उपज हुन । पछिल्ला तीन वटा मधेस आन्दोलनले जनस्तरमा सोचाई र बुझाईमा निकै फेरबदल ल्याई दिएको छ।

लोकतन्त्रमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो कुरा भन्ने पुरै स्वतन्त्रता हुनैपर्छ। यो कुरा भन्ने ढङ्ग पनि अहिंस्रक र औचित्यपूर्ण हुनुपर्छ। गजेन्द्र नारायण सिंहको जन्म क्षेत्र रहेको मधेश प्रदेशले संघीयताको सबल अभ्यासमा सबैको सहयोग र समन्वयमा अगाडि वढ्ने सरोज सरकारले परिपाटी निर्माण गर्नु नै उहांप्रतिको सच्चा आदराञ्जली हुनेछ।

# "बिचौलिया नियन्त्रणका लागि लाइसेन्स आवश्यक"

चितवन, २१ माघ
कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साहले कृषि क्षेत्रमा भएको बिचौलिया अन्त्यका लागि अनुमतिपत्रको व्यवस्था गर्नुपर्ने बताएका छन । उनले लाइसेन्सप्राप्त व्यक्तिले मात्रै कृषिजन्य वस्तु खरिद तथा बिक्री गर्न पाउने गरी नीतिगत व्यवस्था गरिने उनको भनाइ छ।



राष्ट्रिय व्यावसायिक पशुपालन तथा दुग्ध उत्पादक कृषक समाज नेपालको तेस्रो शनिवार यहाँ आयोजित साधारणसभा तथा अधिवेशनमा बोल्दै उनले कृषिजन्य वस्तुको आयात रोक्न नाकामा प्रयोगशाला र चेकजाँचको माध्यमबाट सरकारले कडाइ गर्ने बताए। किसानका समस्या समाधानका लागि नीतिगत तहदेखि नै आफूले प्रयास गर्ने उनको भनाइ छ । कृषिमा भएको लगानीअनुसार मूल्य नपाउँदा युवा विदेशिनु परेको भन्दै उनले यसको नियन्त्रणका लागि आफ्नै माटोमा रमाउने खालका कार्यक्रमहरु ल्याउने योजनामा सरकार रहेको बताए । कृषि क्षेत्रमा राज्यले नेतृत्व र नियन्त्रण गर्न नसके अझै समस्या आउने उनको भनाइ छ। उनले चितवनका किसानले सडकमा तरकारी फालेर आन्दोलन गर्नु राम्रो नभएको भन्दै समस्या समाधानका लागि सरकार तयार रहेको र यस विषयमा प्रधानमन्त्रीले समेत चासो दिएको जानकारी दिए ।वास्तविक समस्या के हो भन्ने बुझेर रिपोर्टसहित ल्याउन प्रधानमन्त्रीको निर्देशन छ, उनले भने । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य उत्तम जोशी, भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल, नेपाली काङ्ग्रेस चितवनका सभापति राजेश्वर खनाल, नेकपा (एमाले) चितवनका अध्यक्ष रामप्रसाद न्यौपाने, नेकपा (माओवादी केन्द्र)का जिल्ला संयोजक रामचन्द्र अधिकारी, किसान सङ्घका केन्द्रीय अध्यक्ष गणेश तिमिल्सिना, नेपाल डेरी उद्योग सङ्घका अध्यक्ष राजकुमार दाहाल, जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ चितवनका अध्यक्ष किशोर वगाले, समाजका अध्यक्ष आनन्द न्यूरे, सल्लाहाकार भेषराज पाण्डे, समाजका पवबक्ता हरि अधिकारीलगायतको सहभागिता थियो । माघ २३ सम्म सञ्चालन हुने अधिवेशनले आगामी चार वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ। प्रदेश संयोजकसहित ९९ सदस्यीय नयाँ नेतृत्व चयन हुनेछ। समाजको ३२ जिल्लामा शाखा छन्। रासस

# वीरगञ्ज नाकाबाट एक वर्षमा ६५९ पर्यटक भित्रिए

वीरगञ्ज, २१ माघ
पर्साको वीरगञ्ज भन्सार नाकाबाट पछिल्लो एक वर्षको अवधिमा ६५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन्।



विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण कम भएसँगै नेपालबाट बाहिरीने भन्दा भित्रिने पर्यटकको संख्या बढ्दै गएको हो।
पर्यटक प्रहरी कार्यालय वीरगञ्जका अनुसार सन् २०२२ को जनवरीदेखि सन् २०२३ को जनवरीसम्म यहाँबाट ६५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने पाँच सय पाँच जना विदेशी पर्यटक बाहिरिएका छन्।
हावापानी तथा घुमफिर गर्ने मौसमका दृष्टिकोण उपयुक्त मानिएको असोज, कात्तिक, मङ्सिर र पुसमा अन्य महिनाको तुलनामा पर्यटकको संख्या बढी रहेको पर्यटन प्रहरी कार्यालय वीरगञ्जका प्रमुख प्रहरी नायब निरीक्षक अनिल कुमार महतोले जानकारी दिए । कार्यालयको तथ्याङ्क अनुसार पछिल्लो पुसमा मात्रै वीरगञ्ज नाकाबाट एक सय दुईजना विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने उए सय २४ जना बाहिरिएका छन्।
भारतको विभिन्न सहर घुमेर वीरगञ्ज नाकाबाट नेपाल आउनेमा अमेरिका, फ्रान्स, थाईल्याण्ड, जर्मनी, युएसए र क्यानडाका पर्यटक बढी हुने महतोले बताए।
यहाँ आउने पर्यटकलाई होटल, यातायातलगायतमा असुबिधा वा ठगि हुन नदिन सचेतना जगाउनुको साथै दुर्घटनामा परी घाइते भएकालाई उपचार गराई परिवारजनको जिम्मा लगाउने काम पर्यटक प्रहरी कार्यालय वीरगञ्जले गर्दै आएको निरीक्षक महतोको भनाइ छ।
भारतको रक्सौलहुँदै वीरगञ्ज नाकाबाट नेपाल भित्रिने विदेशी पर्यटलाई अध्यागमन कार्यालय वीरगञ्जले अनअराईबल भिसा दिने गरेको छ ।रासस

# छ महिनामा एक सय ४५ उद्योग दर्ता

काठमाडौँ, २१ माघ
चालु आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्ममा कूल एक सय ४५ उद्योग दर्ता भएका छन्। उद्योग विभागले सार्वजनिक गरेको अर्धवार्षिक अवधिको उद्योग दर्ता र विदेशी लगानी स्वीकृतिको तुलनात्मक विश्लेषण तथ्याङ्कअनुसार चालु आवको पुस मसान्तसम्ममा ३९ ठूला, ४१ मझौला र ६५ साना उद्योग दर्ता भएका हुन्। यी उद्योगमा स्वदेशी र विदेशी दुवै खालको लगानी रहेको छ । गत आवको अर्धवार्षिक अवधिको तुलनामा यस वर्षको उद्योग दर्ताको सङ्ख्या कम हो। गत आवको पुस मसान्तसम्ममा ४६ ठूला, ५७ मझौता र ५२ साना गरी कूल एक सय ५५ उद्योग दर्ता भएको विभागको तथ्याङ्कमा देखिन्छ । चालु आवको पुस मसान्तसम्ममा दर्ता भएका एक सय ४५ उद्योगमा रू एक खर्ब ३९ अर्ब बराबर लगानी प्रतिबद्धता आएको पनि विभागले जनाएको छ । यसवर्षको अर्धवार्षिक अवधिमा आएको लगानी प्रतिबद्धता पनि गत वर्षको भन्दा कम हो । गत आवको पुस मसान्तसम्ममा रू एक खर्ब ९० अर्ब बराबर लगानी प्रतिवद्धता आएको देखिन्छ । विभागका अनुसार हालसम्म नेपालमा कूल रू २७ खर्ब ६६ अर्ब लगानी प्रतिवद्धतासहित आठ हजार नौ सय नौ उद्योग दर्ता भएका छन्। यस्ता उद्योगमा ठूला उद्योग एक हजार तीन सय ४४, मझौता उद्योग दुई हजार ५८ र साना उद्योग पाँच हजार पाँच सय सात रहेका छन् । यसरी हालसम्म दर्ता भएका करिब नौ हजार उद्योगबाट प्रस्तावित रोजगारी छ लाख ६७ हजार तीन सय २३ जना रहेको पनि विभागले जनाएको छ। गत पुस मसान्तसम्ममा दर्ता भएका कूल एक सय ४५ उद्योगमध्ये एक सय ३३ उद्योगमा रू १७ अर्ब ३० करोड बराबर विदेशी लगानीको प्रतिबद्धता आएको छ । हालसम्म नेपालमा कूल पाँच हजार छ सय ६४ विदेशी लगानी स्वीकृति भएको पनि विभागले जनाएको छ। यसरी विदेशी लगानी स्वीकृत भएका उद्योगमा ठूला उद्योग तीन सय २४, मझौला उद्योग छ सय २२ र साना उद्योग चार हजार आठ सय १८ रहेका छन्। हालसम्म स्वीकृत कूल विदेशी लगानी प्रतिबद्धता भने रू चार खर्ब ३६ अर्ब बराबर रहेको विभागको तथ्याङ्कबाट देखिन्छ। यसरी विदेशी लगानी स्वीकृत गर्दा प्रस्तावित रोजगारीको संख्या दुई लाख ९९ हजार नौ सय ६१ जना छ। नेपालमा हालसम्म साढे पाँच हजारभन्दा बढी उद्योगमा विदेशी लगानी स्वीकृत भएकामा पर्यटन र सेवामूलक क्षेत्रका उद्योगमा तुलनात्मक रुपमा बढी लगानी भएको देखिएको छ । गत पुस मसान्तसम्म वैदेशिक लगानी भित्र्याउने उद्योगमध्ये सेवा र पर्यटन क्षेत्रका उद्योगको सङ्ख्या मात्रै आधाभन्दा बढी छ। चालु आवको छ महिना अवधिमा एउटा प्याटेन्ट दर्ता, आठ वटा डिजाइन दर्ता र एक हजार पाँच सय ५१ ट्रेडमार्क दर्ता भएको पनि विभागले जनाएको छ। विभागमा हालसम्म भएको कूल पेटेन्ट दर्ताको संख्या भने ८१ छ । त्यस्तै तीन सय डिजाइन र ५७ हजार पाँच सय ६६ ट्रेडमार्क दर्ता भइसकेको विभागले जनाएको छ। रासस




# समृद्धिको यात्रामा निजी क्षेत्रलाई अगाडि बढाउनु जरुरी छ : मन्त्री भण्डारी

काठमाडौँ, २१ माघ
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समृद्धिको यात्रामा निजी क्षेत्रलाई अगाडि बढाउन जरुरी रहेको बताएका छन।
नेपाल मुद्रण उद्योग महासङ्घको नवौँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै उहाँले निजी क्षेत्रसँग हातेमालो नगरी आर्थिक समृद्धि हुन नसक्ने बताए । उनले आर्थिक क्षेत्रमा देखिएका राष्ट्रिय समस्या समाधानका लागि नयाँ कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिए।
उनले उद्योग सम्बद्ध कानुनको पुनरावलोकन गरिने उल्लेख गर्दै उद्योग मन्त्रालयबाट औद्योगिक ग्रामहरु सञ्चालनमा ल्याउने कार्य लगातार अघि बढिरहेको जानकारी गराए । साथै उहाँले युवा उद्यमीलाई सहजीकरण गर्न सरकारले छरिएर रहेका कोषलाई एकीकृत गरेर कार्यान्वयनमा ल्याउने बताए।



मन्त्री भण्डारीले १५औँ योजना र वार्षिक बजेट बमोजिमका लक्ष्यअनुरुप उद्योग क्षेत्रमा कूल गार्हस्थ्य उत्पादनमा योगदान बढाउनका लागि पनि हरेक क्षेत्रमा औद्योगिक विकासमा जोड दिनुपर्ने आवश्यकता औँल्याए।
उनले भने ,हाम्रो मन्त्रालय स्टार्टअप पोलिसी तर्र्जुमा गर्ने अन्तिम तयारीमा जुटेको छ, जसमा नयाँ उद्योगी तथा व्यवसायीहरुलाई हरेक क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने र उद्यमशीलता विकास गरी स्वरोजगार सिर्जना गराउने लक्ष्य रहेको छ।
मुद्रण व्यवसायीका संस्थागत रुपमा आएका कुरामा सरकार सकारात्मक भएर सहायता गर्न तयार रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले राज्यका सीमा र परिधिभित्र रहेर मुद्रण व्यवसायीका माग प्राथमिकताका साथ पूरा गर्न सरकार तयार रहेको बताए।
उनले मुद्रण व्यवसाय स्थापनार्थ तथा उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वदेशी तथा विदेशी बजार पहिचान र विस्तारमा समेत महासङ्घको भूमिका रहनुपर्नेमा जोड दिए।
उनले भने ,सीप, ज्ञान तथा विज्ञताको विकास गरी समयानुकूल अत्याधुनिक प्रविधिमा आधारित मुद्रण उद्योग सञ्चालनमा नीतिगत र कार्यान्वयन तहमा समेत सहजीकरण गर्ने नेपाल सरकारको नीति छ।
साधारणसभामा मुद्रण उद्योग महासङ्घका अध्यक्ष खोमकान्त रेग्मीले छापाखानासम्बन्धी नयाँ ऐनको निर्माण गर्नुपर्ने, मुद्रण उद्योगलाई वित्तीय संस्थाहरुबाट सहुलियत ब्याजदरमा ऋण सुविधा उपलब्ध गराइनुपर्ने, सरकारी छापाखानालाई एकद्वार प्रणालीबाट चलाउनुपर्ने लगायतका १९ बुँदे मागहरु प्रस्तुत गरेका थिए ।रासस

# इन्टरनेटबिना पनि रकम भुक्तानी गर्न सकिने

काठमाडौँ, २१ माघ
अब इन्टरनेटबिना पनि रकम भुक्तानी गर्न सकिने भएको छ। इन्टरनेट नभएको अवस्थामा पनि रकम भुक्तानी गर्न मिल्ने सुविधा 'फोन पे'ले ल्याएको हो। शुक्रबार यहाँ सम्पन्न एक कार्यक्रमबीच नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा निलम ढुङ्गानाले नयाँ 'प्रडक्ट'को उद्घाटन गरे । उनले फोन पेको अफलाइन फिचरको पूर्ण सफलताको शुभकामना व्यक्त गरे। यो नवीनतम सोचका लागि सम्बद्ध सबैलाई धन्यवाद र शुभकामना दिन चाहन्छु, उनले भने ,क्यूआरको लोकप्रियता दिन प्रतिदिन बढ्दै गइरहेको परिप्रेक्षमा फोन पेको अफलाइन फिचर कोशेढुङ्गा सावित हुनेमा विश्वास व्यक्त गर्दछु।
नेपाल राष्ट्र बैंकले पनि विद्युतीय भुक्तानीका लागि कार्ययोजना बनाएर अघि बढेको भन्दै उनले यसवर्ष सम्पूर्ण बैंक तथा वित्तीय संस्थाले कम्तीमा एउटा विद्युतीय भुक्तानी साक्षरता कार्यक्रम गर्नुपर्ने बताए । फोन पेको फिचरमा ग्राहकले इन्टरनेटको प्रयोगबिना भुक्तानी गर्न सक्ने भएकाले ठूलो जनसंखयालाई डिजिटल भुक्तानी गर्न प्रेरित गर्ने उनको भनाइ छ। राष्ट्र बैंकको 'लेस क्यास इकोनोमी' बनाउने अभियान साकार पार्न यसले मद्दत गर्ने उनले विश्वास व्यक्त गरे । फोन पेको अफलाइन भुक्तानीलाई अझै अगाडि बढाएर सबैसामु पुऱ्याउन बैंक तथा वित्तीय संस्थाले भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको फोन पेका सीईओ दिवश सापकोटाले बताए।



फोन पेले अनलाइनबाट गिफ्ट दिन मिल्ने नयाँ सुविधा ल्याएको छ। फोन पेले सार्वजनिक गरेका नवीनतम फिचरले डिजिटल भुक्तानीलाई ग्राहक र व्यवसायका लागि अझै सरल, छिटो र सुरक्षित बनाउने विश्वास लिएको छ । फोन पेले विगत तीन वर्षदेखि डिजिटल भुक्तानीको क्षेत्रमा काम गर्दै आइरहेको छ।
फोन पेमा अहिलेसम्म रु एक करोड ६० लाख प्रयोगकर्ता जोडिएका छन् भने ११ लाखभन्दा बढी व्यवसाय तथा ६० भन्दा बढी बैंक तथा वित्तीय संस्था आवद्ध छन् ।रासस

# चालु खर्चमा २० प्रतिशत कटौती गर्न स्थानीय तहलाई परिपत्र




काठमाडौँ, २१ माघ
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै जिल्ला समन्वय समिति र स्थानीय तहलाई चालु खर्चमा २० प्रतिशत कटौती गर्न परिपत्र गरेको छ।
अर्थ मन्त्रालयले मङ्गलबार सङ्घीय मन्त्रालय र मातहतका निकायमा खर्च कटौतीको निर्णय गरेको थियो। अर्थ मन्त्रालयले खर्च कटौतीका लागि प्रदेश र स्थानीय तहलाई आग्रह गर्ने निर्णय गरेको थियो । सङ्घीय निकायमा चालु शीर्षकको खर्च कटौती भएपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई पनि खर्च कटौती गर्न आग्रह गरेको हो।
मन्त्रालयले शुक्रबार सबै जिल्ला समन्वय समिति र स्थानीय तहलाई पत्र पठाउँदै चालु शीर्षकमा २० प्रतिशत खर्च कटौतीको निर्देशन दिएको हो।
सङ्घीय सरकारको सबै मन्त्रालय र निकायको स्वीकृत बजेटका विभिन्न खर्च शीर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको बजेट तत्काल लागू हुनेगरी २० प्रतिशत कटौती गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआइएस) मा प्रविष्टी संशोधन गर्नुपर्नेछ । साथै आवश्यकताअनुसार कट्टा गरिएका शीर्षकमा भएको सुरु विनियोजन र स्वीकृत कार्यक्रम/क्रियाकलापको परिमाण र उक्त रकमको समायोजन प्रस्ताव सम्बन्धित मन्त्रालयले तयार गरी अर्थ मन्त्रालयमा पेस गर्नुपर्नेछ।, परिपत्रमा उल्लेख छ।
सरकारको वित्त सन्तुलन बिग्रिएको भन्दै अर्थ मन्त्रालयले गत मङ्गलबार २० प्रतिशत चालु खर्च कटौतीको निर्णय गरेको थियो । इन्धन, पत्रपत्रिका खर्च, भत्ता, कार्यालय सञ्चालनलगायत शीर्षकमा करिब रू साढे २४ अर्ब बराबर खर्च कटौती भएको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व असूली हुन नसकेको, बजेटरी सहायता समयमा प्राप्त हुन नसकेको, कर्मचारीको तलब तथा सामाजिक सुरक्षा कार्यक्रमका लागि आर्थिक दायित्व बढ्दै गएकोलगायत कारण खर्च कटौतीको निर्णय गर्नुपरेको अर्थ मन्त्रालयले जनाएको छ । अर्थ मन्त्रालयले सङ्घीय सरकारको सबै मन्त्रालय/निकायको स्वीकृत बजेटको इन्धन, मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामग्री, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन, सेवा र परामर्शलगायत शीर्षकमा खर्च कटौती गरेको छ।
त्यस्तै, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्याङ्कन खर्च, कर्मचारी तालिम, गोष्ठी, सेमिनार र कार्यशाला, विविध खर्च, मेसिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स, निर्मित भवनको संरचनात्मक सुधारलगायत शीर्षकको बजेटमा पनि २० प्रतिशत खर्च कटौती गरिएको छ। स्थानीय तहमा पनि यी शीर्षकका खर्च कटौतीका लागि सङ्घीय मामिला मन्त्रालयले परिपत्र जारी गरेको छ ।रासस

# गहुँ सुक्न थालेपछि कृषक चिन्तित

ढोरपाटन, २१ माघ
गत वर्ष यति बेला खेत बारीमा लगाइएका गहुँ जौंले बाला हाल्न सुरु गर्थे। समयमै वर्षा हुँदा कृषकले गहुँ उत्पादनमा घाटा ब्यहोर्नुपरेन । तर, यस वर्ष गहुँ लगाएपछि पानी नपर्दा किसान निरास बनेका छन् । लामो समयदेखि खडेरीले पसाउन थालेको गहुँ सुक्न थालेपछि कृषक चिन्तित बनेका हुन् । त्यसै त जिल्लामा गहुँ उत्पादन कम हुन्छ। त्यसमाथि वर्षा नहुँदा सुक्न थालेपछि किसानलाई भोकमरीको चिन्ता बढेको छ । जिल्लाका अधिकांश क्षेत्रमा आकाशे पानीकै भरमा खेतीपाती गर्रिंदै आएको छ। गहुँ लगाउँदादेखि नै रोकिएको वर्षा अहिलेसम्म नहुँदा गहुँ पसाउने बेलामा सुक्न थालेको गलकोट नगरपालिका-५ का इन्द्रबहादुर खत्रीले बताए। उनले बारीको मकै स्याहारेर गहुँ छरेपछि रोकिएको वर्षा अहिलेसम्म नहुँदा बीउसमेत उत्पादन नहुने चिन्ता व्यक्त गरे । खत्रीले भन्छन,यतिका महिना बितिसक्यो, पानी पर्दैन, बादल धामलधोमल गर्दा पानी आउँछकी भनेर आकाश तिर हेऱ्यो पानी पर्ने छाँटकाँट देखिएन, खेतबारीमा लगाएको गहुँ सुक्न थाले, आउँदो बर्खा के खाने होला, गहुँले फल देलाजस्तो छैन, बीउ पनि उत्पादन हुन्न भन्ने चिन्ता छ, बीउ बचेन भने त गाह्रो हुन्छ। गलकोट, जैमिनी, बागलुङ, निसीखोला, बरेङ लगायतका ठाउँमा राम्रो गहुँ उत्पादन हुन्छ । ढोरपाटन, तमान र ताराखोलामा जौं उत्पादन हुँन्छ।
जैमिनीका कृष्णप्रसाद शर्माले करिब आठ रोपनी खेत तथा बारीमा गहुँ लगाएको सुनाउँदै सिँचाइ गर्न नसक्दा सुक्दै गएको बताए। शर्माले पाखोबारीमा बढी गहुँ लगाएको भन्दै पाइपबाट पानी लगाउन सम्भव नभएको सुनाए।
खेतमा अलिअलि कुलोबाट पानी ल्याएर लगाइयो, पाखो बारीमा लगाएको गहुँ सुकेर मर्न थालिसक्यो, पोहोरपरार पानी पर्थ्यो, बाली राम्रै हुन्थ्यो, यसपालि खै धेरै समय भयो पानी परेकै छैन, शर्माले भने ,पाटामा लगाएको गहुँमा पाइपबाट पानी लगाउँ भने सम्भव छैन, अब एक सातासम्म पानी नपरेर यस्तै घाम लागि रह्यो भने गहुँ सबै सुक्छ।

# समावेशी भएन मधेश सरकारको मन्त्रिपरिषद्



मधेशदृष्टि
जनकपुरधाम, २१ माघ । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले शुक्रवार मन्त्री परिषद विस्तार गरेका छन् ।

विस्तार गरिएको मन्त्रिपरिषद् समावेशी देखिएको छैन । समावेशी सिद्धान्तको आधारमा हिड्ने प्रतिबद्धता जनाउँदै आएका मधेश सरकारका मुख्यमन्त्री यादवले आफ्नै मन्त्रिपरिषद्लाई समावेशी नगरेको हो । मुख्यमन्त्री यादवको नेतृत्वमा रहेको मन्त्रिपरिषद् दलित र खसआर्यको प्रतिनिधित्व भएको रहेको छैन भने ३३ प्रतिशत महिला हुनुपर्नेमा ११ सदस्यीय मन्त्रिपरिषदमा मात्र एकजना महिला रहेका छन् ।

मन्त्रिपरिषदमा जसपा नेपाल ( मुख्यमन्त्री, ३ मन्त्री र १ राज्यमन्त्री), नेकपा एमाले (४ मन्त्री, १ राज्यमन्त्री) र जनमत पार्टी (२ मन्त्री, १ राज्यमन्त्री) पाएको छ । तर कुनै पनि पार्टीले दलितलाई महत्व दिएन । यस अघिको जसपा नेतृत्वको सरकारमा पनि दलितले स्थान पाएको थिएन ।

प्रदेशको कुल १८ प्रतिशत जनसंख्या रहेको दलितलाई उपेक्षा गरिएको छ । १२ प्रतिशत जनसंख्या रहेको मुस्लिम समुदायबाट भने एक मन्त्री र एक राज्यमन्त्री गरि दुईजनाले स्थान पाएको छ । मुस्लिमलाई एमालेले मन्त्री बनाएको छ भने जसपाले राज्यमन्त्री बनाएको छ । महिलालाई ३३ होइन ५० प्रतिशत आरक्षणको दावी र भाषण गर्ने जसपा नेतृत्वको मन्त्री परिषदमा एक मात्र महिला अटाउन सफल भएको छ ।

शुक्रवार मुख्य मन्त्री राउतले विस्तार गरेको मन्त्री परिषदमा सबैको चासो रहेको समाजिक विकास मन्त्रालयबाट शिक्षा र स्वाथ्य टुक्राइएर समाजिक विकास मन्त्रालयमा जसपाकी सुरिता कुमारी साह लाई मन्त्री बनाइएको छ भने सोहि मन्त्रालयमा दावी गरिरहेका जनमतपार्टीका संसदिय दलका नेता समेत रहेका महेश प्रसाद यादवलाई मिलाउन शिक्षा, विज्ञान, प्रविधी तथा बाणिज्य मन्त्रालको जिम्मा दिइएको छ । उनले पाएको यो मन्त्रालय नयाँ थपिएको हो । यस अघि मुख्यमन्त्री सहित कुल १० मन्त्रालय रहेको मधेशमा अव कुल ११ मन्त्रालय भएको छ ।

जसपा, एमाले र जनमतपार्टीको नेतृत्व गरिरहेका संसदिय दलका नेताहरु आफु अनुकुल राम्रा मन्त्रालयहरु सुरक्षित गर्न सफल भएका छन् । माओवादी सरकारमा नगएपनि वाँकी रहेको एक मन्त्रालयमा सो पार्टीका संसदिय दलका नेता भरत साहलाई ल्याउने प्रयास मुख्यमन्त्रीले गरिरहेका छन । वाँकी रहेको उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय माओवादीको भागमा पर्ने छ भने उसलाई एउटा राज्यमन्त्री दिए थप एक महिला सुनिता यादवको सम्भावना छ ।

# बालविवाह विरुद्ध धर्मगुरुहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न




आरके श्रीवास्तव, गरुडा,२१,माघ । रौतहट जिल्लाको गरुडा नगरपालिकामा बालविवाह विरुद्ध धर्मगुरुहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शनिवार गरुडा स्थित रहेको होटेल एनपी स्टारमा सो अन्तरक्रिया कार्यक्रम गरिएको थियो । बालविवाह विरुद्ध प्रदेश स्तरीय संजाल तथा समावेशी विकास तथा अनुसंधान विकास केन्द्र फतुवा विजयपुर नगरपालिकाको संयुक्त आयोजनामा कार्यक्रम गरिएको थियो । बालविवाह अन्त्यका लागि सामाजिक अभियन्ता, धार्मिक अगुवाहरू यूवाहरु बीच संवाद गरिएको थियो । कार्यक्रममा सहजीकरण संजालका सहजकर्ता ओमप्रकाश राम र केन्द्र संयोजक मदन रामले गरेका थिए । उनीहरुले बालविह न्यूनिकरण कसरी गर्न सकिन्छ लगायतका विषयहरुमा जानकारी गराउँदै सबै राय,सुझाव पनि लिएका थिए । बाल विवाह अन्त्यका लागि सबै मिलेर न्यूनीकरण गर्नका निम्ति लाग्नु पर्ने आवश्यकता रहेको सहभागहरुले जोड दिएका थिए । यूवाहरुले आफ्नो समाजमा जनचेतना जगाउने हिसाबले बाल विवाह अन्त्यका लागि युवाहरुको सक्रियताले धेरै ठूलो महत्वपूर्ण भूमिका खेल्ने सहभागीहरुको भनाइ रहेको थियो । सो कार्यक्रममा करिब २५ जना व्यक्तीहरुको सहभागिता रहेको थियो ।

## शहीदको सपना पुरा ......................................



मधेश प्रदेश सभाद्वारा उत्कृष्ट प्रदेश सभासदस्यको रुपमा सांसद रामआसिष यादव पुरस्कृत

अध्यक्षतामा सम्पन्न सो वार्षिकोत्सव समारोह कार्यक्रममा पुर्व उपसभामु उपमादेव, वर्तमान उपसभामुख बबिता ईशर, सत्ता साझेदार दल तथा प्रतिपक्षी दलका संसदीय दलका नेता, पुर्व तथा वर्तमान सांसदहरुको सहभागिता रहेको थियो । २०७४ माघ २१ गते पहिलो प्रदेशसभा बैठक बसेको थियो । सो अवसरमा पत्येक वर्ष माघ २१ गते प्रदेशसभा सचिवालयले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाउने गरेको छ ।

### मधेशको विकास बुलेट ट्रेन झैं अघि बढाउने : मुख्यमन्त्री यादव

कार्यक्रमका विशिष्ठ अतिथि मुख्यमन्त्री सरोज कुमार यादवले मधेशको विकास बुलेट ट्रेन जस्तै अघि बढाउने प्रतिबद्धता जनाएका छन् । उनले भने, 'मधेश सरकार हिजो बल्ल पुर्णता पाएको छ, आज प्रदेशसभाको बार्षिकोत्सव कार्यक्रम नै पर्‍यो अव भोली बिहानै मन्त्री र सचिवहरु संग बसेर सरकारको काम बुलेट ट्रेनको जस्तो तिव्र गतिमा आगाडि बढाइनेछ ।'

प्रदेशमा हुने भ्रष्टाचार नियन्त्रण गरेरै छाडने समेत उनले पुनः दोहर्‍याउँदै स्वास्थ्य, शिक्षा, कृषि र पर्यटन आफ्नो मुख्य प्राथमिकतामा रहेको बताए । विगतमा सभामुख हुँदा सम्पुर्ण माननियको सहयोग र सद्भावले आफुले ऐन कानुन मात्र नभई प्रदेशको नाम र राजधानी जस्तो संवेदनशिल विषय समेत सहमतीमै पारित गराउन सफल भएको चर्चा गर्दै उनले यस कार्यकालमा पनि सहयोग र सद्भाव पाए प्रदेशको विकासले फड्को पाउने बताए ।

### कडा मेहनत गर्न सांसदहरुलाई आग्रह

समारोहका अध्यक्ष सभामुख रामचन्द्र मण्डलले मधेश प्रदेशसभाले पछिल्लो पाँच वर्षमा सिमित श्रोतका बावदूत जनअपेक्षित काम गर्न सफल भएकोमा त्यसलाई निरन्तरता दिंदै अझै सक्रिय बनाउने बताए । सभामुख मण्डलले प्रदेशसभाको आफ्नै भवनको आवश्यकता रहेको बताउँदै प्रदेशसभालाई जीवन उपयोगी बनाउन कडा मेहेनत गर्न सांसद्हरूसँग अनुरोध गरे ।

सभामुख मण्डलले प्रदेशसभाको वार्षिकोत्सवमा धेरै सांसदहरू अनुपस्थित भएकोमा दुःख समेत व्यक्त गरे । उनले संघीयता खर्चियो व्यवस्था रहेको भनेर टिप्पणी हुन थालेकोप्रति असन्तुष्टि समेत व्यक्त गरे । संघीयता खर्चिलो भएको कुरा सतही मात्र भएको भन्दै संघियताको विकल्प बारे सोच्न नसकिने भएकाले कडा परिश्रम गरेर संघियता सार्थक बनाउनेतर्फ लाग्न सांसदहरुसँग आग्रह गरे । समारोहममा वार्षिकोत्सवका अवसरमा भएका विभिन्न कार्यक्रम तथा प्रतियोगितामा सहभागी सांसद् तथा कर्मचारीहलाई सम्मान गरिएको थियो । उत्कृष्ट पूर्व सांसदतर्फ रामआशिष यादवलाई पुरस्कृत गरिएको जनाइएको छ । यादव जसपाबाट प्रदेश सांसदका लागि दोश्रो कार्यकालका लागि दोहरिएका हुन् ।

२०७४ माघ २१ गते पहिलो प्रदेश सभा बैठक बसेको थियो । सोही अवसरमा पत्येक वर्ष माघ २१ गते प्रदेशसभा सचिवालयले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाउने गरेको छ । मधेश प्रदेशसभामा कुल एक सय ७ सांसद छन् । तर, पुर्व मुख्यमन्त्री एवं सांसद लालबाबु राउत सहित वार्षिकोत्सवमा अधिकांश सांसद् अनुपस्थित थिए ।

# उडान सुरक्षा सुधारका लागि प्राधिकरणको ६ बुँदे निर्णय

काठमाडौं, २१ माघ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हवाई सेवालाई थप सुरक्षित र भरपर्दो बनाउन उडान सुरक्षा सुधारका लागि छ बुँदे निर्णय गरेको छ ।

उडान सुरक्षालाई नियमित रुपमा अद्यावधिक गर्दै थप सुदुढीकरण गरी हवाई यातायात सेवालाई अझै सुरक्षित, भरपर्दो, मर्यादित तथा अनुशासित बनाउने उद्देश्यले नयाँ नियम लागू गर्ने निर्णय गरिएको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताए ।

उनले हवाई सेवा प्रदायक निकायको सेवा सञ्चालनप्रतिको व्यावसायिक जिम्मेवारी तथा जवाफदेहितालाई अभिवृद्धि गर्न पनि प्राधिकरणले पहल गरेको उल्लेख गर्नुभयो ।उनले हवाई सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ प्राधिकरणले गरेको छ बुँदे निर्णयलाई कडाइका साथ लागू गरिने दाबी गर्नुभयो । क्यानले गरेको नयाँ व्यवस्थामा विमान चालक (पाइलट) को ड्युटी समय एक घण्टा कम गरिएको छ । त्यस्तै पाइलटले अहिले दैनिक उडान (टेकअफ) र अवतरण (ल्यासण्डङ) दुवै गरी दस पटकसम्म गर्न पाउने व्यवस्था रहेकामा अब त्यलाई पनि घटाएर आठ पटक मात्र बनाइएको छ ।




विशेषगरी छोटो धावनमार्ग भएका विमानस्थलमा उडान गर्ने पाइलटको ड्युटी समय प्रतिदनि आठ घण्टाबाट घटाएर सात घण्टा कायम गरिएको छ । त्यसैगरी लामो धावनमार्ग भएका विमानस्थलमा उडान गर्ने पाइलटको ड्युटी समय प्रतिदिन नौ घन्टाबाट घटाएर आठ घन्टा कायम गरिएको छ ।

**के छन् छ बुदे निर्णयमा ?**

प्राधिकरणका अनुसार हेलिकोप्टर बाहेक अन्य वायुयानले भिजुअल फ्लाइट रुल (भिएफआर) उडान अन्तर्गत 'सस्टेबलाईज एप्रोच' गर्दा 'सर्ट टेकअफ एण्ड ल्याण्डिङ' (स्टोल) विमानस्थलमा जमिनको सतहबाट कम्तीमा पाँच सय फिट तथा अन्य विमानस्थलमा कम्तीमा एक हजार फिट को उचाई अनिवार्य कायम गर्नुपर्नेछ ।

आगामी समर सेड्युल-२०२३ वाट लागू हुने गरी यान्त्रिक उडान हुने 'कन्ट्रोल एरोड्रम'मा उडान गर्ने स्टोल वायुयान (ट्वीनअटर लेट ४१०, डोमियरलगातय) बाहेकका अन्य वायुयानहरुले इन्स्ट्रयुमेन्ट फ्लाइट रुल (आईएफआर) उडान अप्रेशन मात्र गर्न पाउनेछन् ।

वायुसेवा कम्पनीमा उडान गर्ने प्रशिक्षक पाइलटले अर्को पाइलट प्रोफेन्सी चेक (पिपिसी) गर्नु पूर्व सम्बन्धित वायुयान निर्माता कम्पनीको वा सो कम्पनीबाट सिफारिसप्राप्त संस्था/परीक्षकमार्फत् अनिवार्यरुपमा प्रोफेन्सी चेक स्किल टेष्ट गर्नुपर्ने व्यवस्था लागू गरिएको छ ।

यस्तै, वायुयान चालक दलका सदस्यको थकानको जोखिम न्यूनीकरण गर्ने उडानमा हाल कायम रहेको (उडानमा दुईभन्दा बढी चालकदलका सदस्य रही एक्टेन्डेड आवर उडान गर्न पाउने)सम्बन्धी प्रावधान अर्को व्यवस्था नहुन्जेलसम्म स्थगित गरिएको छ । स्टोल रुटको उडान समय सीमालाई अधिकतम प्रतिदिन आठ घण्टाबाट घटाएर सात घण्टा कायम गर्ने तथा नन स्टोल रुटमा उडान समयसीमा अधिकतम प्रतिदिन नौ घण्टाबाट घटाएर आठ घण्टा र प्रतिदिन १० वटा कायम रहेको उडान/अवतरणलाई आठ वटा कायम गर्ने प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । रासस

# राष्ट्रियसभाको उपाध्यक्षका लागि आइतबार मनोनयन

काठमाडौं, माघ २१ ।राष्ट्रियसभाको उपाध्यक्षका लागि आइतबार मनोनयन दर्ता हुनेभएको छ । सङ्घीय संसद् सचिवालयले यसका लागि आइतबार अपराह्न १ बजेदेखि ४ बजेसम्मका लागि प्रस्ताव दर्ता गर्ने समय निर्धारण गरेको छ । सङ्घीय संसद्को ल्होत्से हलमा प्रस्ताव दर्ताका लागि स्थान तोकिएको सङ्घीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले जानकारी दिनुभयो । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले यही माघ २३ गते सोमबार दिउँसो १२ बजे उपाध्यक्षको चयनका लागि मिति निर्धारण गर्नुभएको थियो । आइतबार ४ बजेसम्म प्रस्ताव दर्ता गर्ने र अपराह्न ४:१५ बजे उम्मेदवारीको सूचना दर्ता क्रमअनुसार सूची प्रकाशन गर्ने कार्यक्रम तय भएको छ । राष्ट्रियसभाको बैठकमा यही माघ २३ गते 'उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी' प्रस्तावक सदस्यले प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ । समर्थकले समर्थन गर्ने र उम्मेदवारीको प्रस्तावमा संक्षिप्त छलफल हुने र दर्ता क्रमअनुसार निर्णायार्थ पेश गरिनेछ । तत्कालीन उपाध्यक्ष शशिकला दाहालको कार्यकाल सकिएपछि विगत एक वर्षदेखि राष्ट्रियसभाको उपाध्यक्षको पद रिक्त छ । राष्ट्रियसभा अध्यक्ष तिमिल्सिनाले यही माघ १३ गतेको बैठकमा उपाध्यक्षको निर्वाचनको मिति तोक्नुभएको थियो । मिति तोकेर सभाध्यक्षले निर्वाचनसम्बनधी कार्यक्रमको सूचना प्रकाशन गर्न सङ्घीय संसद्को महासचिवलाई निर्देशन दिनुभएको थियो । सोही निर्देशनअनुसार महासचिवले आइतबारका लागि उम्मेदवारी दर्ताको समय निर्धारण गर्नुभएको हो । रासस

# किसानका मागप्रति गम्भीर हुन आग्रह

काठमाडौं, माघ २१ । अखिल नेपाल किसान महासङ्घ र नेपाल किसान महासङ्घले सडकमै तरकारी फाल्नुपर्ने अवस्थामा पुगेका किसानका मागप्रति गम्भीर हुन सरकारसँग आग्रह गरेका छन् । दुवै महासङ्घले आज यहाँ संयुक्त पत्रकार सम्मेलन गरी चितवनमा भएको उक्त घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै तरकारी सडकमा फ्याँकेर सुरु गरेको सङ्केतिक आन्दोलनप्रति ऐक्यबद्धता पनि जनाएको छ । तरकारीलगायत कृषि तथा कृषिजन्य उत्पादन खासगरी छिमेकी देश भारतलगायतका मुलुकबाट आयात भइरहेका कारण नेपाली किसान निरन्तर मारमा पर्दै आएको नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य निशा श्रेष्ठले बताउनुभयो । किसानले लागत मूल्यसमेत पाउन नसकेको उल्लेख गर्दै उहाँले किसान सडकमा तरकारी नष्ट गर्न बाध्य हुनु दुःखद् भएको बताउनुभयो । खेतीको समयमा मल, बिउ नपाउने, सिँचाइको अभाव, सहुलियत दरको कर्जा, बीमा, प्रविधि र प्राविधिक सेवा नपाउने र उत्पादनपछि सोको मूल्यसमेत नपाउनेजस्ता समस्याबाट थलिएको उनीहरुको भनाइ छ । केही समयअघि बर्डफ्लुका कारण पन्क्षीपालक किसानले ठूलो क्षति बेहोर्नुपर्‍यो, तर किसानले राहत तथा क्षतिपूर्ति पाएका छैननु, गत वर्ष परेको बेमौसमी वर्षाले पारेको क्षतिपछि किसानले अहिलेसम्म पनि राहत पाउन सकेका छैनन, जारी विज्ञप्तिमा उल्लेख छ ।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष डा प्रेम दङ्गालले तरकारीको समर्थन मूल्य तोकी खरिद सुनिश्चितता गर्ने र आन्दोलनरत किसानका माग पूरा गर्न नेपाल सरकार र सम्बन्धित निकायसँग आग्रह गर्नुभएको छ । रासस

## ओलीको खल्तीको ......................................

प्रपञ्च भईरहेको बताउँदै त्यस्तो प्रयासलाई विफल पार्न काँग्रेस उभिएको प्रष्ट पारे ।

नेपाल प्रेस युनियन मधेस प्रदेशको प्रथम प्रदेश स्तरीय अधिवेशनको शनिबार बाराको कलैयामा उद्घाटन गर्दै महामन्त्री थापाले आगामी राष्ट्रपति निर्वाचनलाई लक्षित गर्दै नेताको खल्तिबाट निकालिएका पात्रलाई राष्ट्रपति बनाउन नहुने बताए ।'त्यस्तो राष्ट्रपति संवैधानिक राष्ट्रपति नभई संविधानले परिकल्पना गरेको विपरित कार्यकारी राष्ट्रपति बन्ने खतरा हुन्छ' थापाले भने ' ओलीको खल्तीबाट निकालेको पात्र राष्ट्रपति हुनुहुँदैन ।' काँग्रेस एकपटक सरकारमा नजादैँमा सबै बर्बाद भयो , पार्टी नै सक्कियो भन्ने जुन धारणा पार्टी भित्र बनाइदै छ त्यो गलत भएको महामन्त्री थापाले बताए । थापाले भने 'एकपटक सरकारमा नजादैमा कांग्रेस बर्बाद भयो भन्ने सोच्नु ठिक होइन अहिलेको समय कांग्रेसको संगठन सुदृढ र सबल बनाउने अवसर हो ।'

कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक सकिए लगत्तै आफुहरु हरेकवडा , पालिका र जिल्लामा पुगेर संगठनलाई सबल बनाउन तिर लाग्ने उनले बताए । अहिलेको शासन व्यवस्थाको प्रणाली उत्कृष्ट भएपनि यसमा भित्रीएका विकृतिका कारण जनतामा निराशा छाएको बताउँदै आम जनतामा चरम निराशा र असन्तुष्टि कुनै पनि बखत विस्फोट हुनसक्ने हुँदा यसलाई समयमै सम्बोधन गर्नुपर्ने कुरामा उनले जोड दिए । उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले अहिलेको सरकार सन्चारमैत्री नभएको आरोप लगाए । वर्तमान सरकार सूचनाको हकलाई नै कुण्ठित गर्ने प्रयासमा लागेको र त्यसका विरुद्ध प्रेस युनियन सडक आन्दोलनमा उत्रिने तयारी गरिरहेको लम्सालले बताए ।

नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष अनिल कर्णको अध्यक्षतामा भएको उद्घाटन सत्रलाई प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल, महासचिव दिलिप पौडेल, कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी, गुरुराज घिमिरे, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दिपेन्द्र चौहान लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## गौर भंसार नाका ....................

कैयो पटक ओहोरदोहोर गर्दै आएपनि कुनै सुरक्षाकर्मीलाई कुनै मतलब हुँदैन तर सर्वसाधारणहरुले घरायसी प्रयोगका लागि थोरै सामान ल्याउँदा लुटेरा शैलीमै समान खोसेर भन्सार बुझाउने गरेको देख्न सकिन्छ । भन्सार कार्यालयको मुख्य नाका भएर राती कपडाको समेत तस्करी हुँदै आएको श्रोतको दाबी छ ।

भन्सार सुरक्षा गार्डका प्रमुख असई विजय खड्काले तस्कर हरुसँग अवैध साठगाँठ रहेको भन्दै जिल्ला प्रहरी कार्यालय रौतहटले एक महिनामा दुई पटक स्पष्टिकरण सोधी सकेको जनाएको छ तर, असई खड्काको पहुँचको भरमा जिल्ला प्रहरीले उनीमाथि कारबाही गर्न नभएको प्रहरी श्रोतको दाबि छ । यस विषयमा मधेश प्रदेश प्रहरी कार्यालयका डिआईजी कुवरले घटनाबारे सत्यतथ्य छानबिन गरी कारबाही प्रक्रिया अघि बढाउने बताए ।



# मौलापुरमा मधानी महोत्सवको आयोजना हुने




मधेशदृष्टि
बीरगंज ,२१ माघ।
रौतहटको मौलापुरमा आगामी फागुन ५ गते धार्मिक तथा सांस्कृतिक मधानी महोत्सवको आयोजना हुने भएको छ।
मधेशको ऐतिहासिक धार्मिक तथा सांस्कृतिक पर्यटनको उदगम स्थलको रुपमा रहेको मौलापुर नगरपालिका स्थित पुरातात्विक महादेव मन्दिरको महत्वलाई जोडेर मधानी महोत्सवको आयोजना गर्न लागिएको मौलापुर नगरपालिकाकी प्रमुख रिना कुमारी साहले बताईन। मौलापुर नगरपालिकाद्वारा शनिवार आयोजित पत्रकार सम्मेलनमा जारी गरिएको विज्ञप्तीमा आगामी फागुन ५ गते उपराष्ट्रपतिबाट नन्द पुन पासाङ्गद्वारा समुद्घाटन गरी यज्ञ प्रारम्भ गरिने र सोही दिन नेपाली सुपर स्टार भुवन केसी सहितका कलाकारहरुको सहभागिता रहने जनाईएको छ।
त्यसैदिन भारतीय ख्यातिप्राप्त गायिका इन्दु सोनालीको टिमले सांस्कृतिक प्रस्तुति गर्ने भएको छ। त्यसैगरी फागुन ६ गते आयोजित सांस्कृतिक कार्यक्रममा भोजपुरी सुपर स्टार पवन सिंह, काजल राघवानी लगायतका कलाकार हरुले सांस्कृतिक प्रस्तुती हुने कार्यक्रम गर्ने भएका छन।
त्यसैगरी फागुन ७ गते अन्तर ाष्ट्रिय कुस्ती प्रतियोगिताको आयोजना गरिने र प्रतियोगितामा अन्तर्राष्ट्रिय खेलाडी देवा थापा लगायतको उपस्थिति रहने जनाईएको छ। विज्ञप्तीमा धार्मिक तथा सांस्कृतिक महोत्सवको रुपमा आयोजित मधानी महोत्सव अवलोकनका लागि वारा, पर्सा, रौतहट सहित तराई मधेशका समग्र स्थानियवासिन्दालाई उपस्थित हुन आग्रह गरिएको छ।
पत्रकार सम्मेलनमा मौलापुर नगरपालिकाका उपप्रमुख नागेन्द्र यादव, प्रमुख प्रशासकिय अधिकृत रामबाबु साह लगायतको उपस्थिति रहेको थियो।



अचानक बढेको शितलहरीका कारण मधेशको जनजिवन अस्तव्यस्त:	तस्विर : मधेशदृष्टि

# वीरगंजमा नेवा भोजको आयोजना

मधेशदृष्टि, वीरगंज,२१ माघ।
वीरगंजमा लोप हुदै गईरहेको नेवारी समूदायको कला संस्कृति जोगाउने उदेश्यले नेवा देय दबू वीरगञ्ज महानगर कमीटिले शनिवार नेवा भोय अर्थात नेवा भोज कार्यक्रम आयोजना गरेको छ। वीरगञ्जस्थित होटल भिष्वामा उक्त कार्यक्रम आयोजना गरिएको नेवारी समूदायका अगुवा डा. दिपक शाक्यले बताए। कला संस्कृति र पर्वको धनी मानिने नेवार समूदायले आफ्नो कला र संस्कृतिको संरक्षण गर्नुपर्ने उदेश्य सहित कार्यक्रमको आयोजना गरिएको नेवा देय दबू वीरगञ्ज महानगर कमीटिका अध्यक्ष सत्यम खड्गीले जानकारी दिए। कार्यक्रममा धिमे बाजा, लाखे नाँच, लगायतका नेवारी संस्कृति प्रस्तुत गरिएको थियो।
कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, नेवा देय दबूका




मधेश प्रदेश अध्यक्ष तिलक श्रेष्ठ, सदस्यहरु रोशनी श्रेष्ठ, मिसा दबुकी केन्द्रिय उपाध्यक्ष अन्जु श्रेष्ठ, जिल्ला अध्यक्ष मिरा प्रधान, नेवा देय दबू वीरगञ्ज महानगर कमीटिकी सबनम श्रेष्ठ, सुसील श्रेष्ठ लागतयको उपस्थिति रहेको थियो।

# विकासलाई अवरोध गर्न खोजेको भन्दै पिपराका स्थानियवासीद्धारा प्रर्दशन



मधेशदृष्टि
वीरगञ्ज, २१ माघ।
जनतालाई भ्रमित पारेर विकासलाई अवरोध गर्न खोजेको भन्दै वीरगञ्ज महानगरपालिका वडा नम्वर १४ पिपराका स्थानीयवासिन्दालेशनिवारप्रदर्शन गरेका छन्। विकासको काममा अवरोध गर्न पाइँदैन, आम जनतालाई भ्रमित गर्न पाइँदैन लगायतका नारा लगाउँदै ठूलो पिपराबाट निकालिएको जुलुस चिनीमिल आवास क्षेत्र अगाडी आएर कोणसभामा परिणत भएको थियो। पिपराको विकास हुन नदिन केही व्यक्ति लागेको भन्दै उनीहरुको विरोधमा सम्पूर्ण गाउँवासी सडकमा उत्रिएको नेपाली कांग्रेसका नगर सचिवसमेत रहेका स्थानीय श्याम पटेलले बताए। उनले सडकको नाम 'महात्मा गान्धी पथ' राख्दैमा पिपराको कुनै पनि ऐतिहासिक पहिचान नमेटिने प्रष्ट पारेका थिए। उनले अहिले लिंक रोड भन्ने गरिएको सडकलाई महात्मा गान्धी पथ नामाकरण गर्दा पिपराको कुनै पनि ऐतिहासिक तथ्य मेटिँदैन भन्दै महात्मा गान्धी पथ सँग वडा नम्वर १४ पिपरा पनि स्पष्टसँग लेखिने हुँदा कोही पनि भ्रमित हुन जरुरी नरहेको पटेलले बताए। सो क्षेत्रका स्थानिय वासिन्दा समेत रहनु भएका वरिष्ठ चिकित्सक डा. अशोक दासले दातृ निकायलाई लगानी मैत्री वातावरण तयार गर्दै गाउँविकासमा लगानी भित्रिने वातावरण बनाउनु सबैको दायित्व रहेको भन्दै त्यसका लागि पिपराका बासिन्दा स्वागत गर्न आतुर रहेको बताए। वीरगञ्ज महानगरपालिकाले पिपरामा रहेको लिंकरोडको नामलाई परिवर्तन गरेर 'महात्मा गान्धी पथ' नामाकरण गर्ने तयारी गरेको थियो। तर केही व्यक्तिको विरोधका कारण नामाकरणको काम स्थगित हुन पुगेको छ।
एलएस न्यूरो अस्पतालका सञ्चालकसमेत रहेका स्थानीय रामप्रवेश पटेलले अन्तर्राष्ट्रिय विभुतिको रुपमा रहेका महात्मा गान्धीको नाममा आफ्नो ठाउँको सडकको नामाकरण हुन लागेको सुन्दा खुसी लागेको बताउँदै विरोधको वाहानामा राम्रो कामलाई रोकेर मेयरलाई अवरोध गर्नेलाई अब जनताले नछाडने बताए। कार्यक्रममा पिपराका स्थानीय वासिन्दासँगै विभिन्न राजनितिक दलका प्रतिनिधि, उधोगी, समाजसेवी, बुद्धिजिवीहरुकोउल्लेख्य सहभागिता रहेको थियो।

# भंसार एजेन्ट संघको अध्यक्षमा तमाङ्ग




मधेशदृष्टि
वीरगंज,२१ माघ।
वीरगंज भन्सार एजेन्ट संघको ८ औं साधारण सभाबाट राजमान तामाङ्गको अध्यक्षतामा ११ सदस्यीय समिति निर्वाचित भएको छ। भन्सार एजेन्ट संघको शनिवार सम्पन्न साधारण सभाबाट वरिष्ठ उपाध्यक्षमा अजेश श्रेष्ठ, प्रथम उपाध्यक्षमा मोहन शर्मा, द्वितीय उपाध्यक्षमा भुपाल राज पोखरेल, कोषाध्यक्षमा संयोग कुमार साह, सदस्यमा अर्जुन पुडासैनी, सिपी चौधरी, बविम केसी, निरुप राज बराल लाई निर्वाचित गरेको भन्सार एजेन्ट संघका पूर्व सहसचिव भानुभक्त अधिकारीले जानकारी दिए। बाराको अमलेखगंज स्थित टि-२० होटलमा सम्पन्न साधारण सभाको उद्घाटन वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धन बहादुर बडुवालले गरेका थिए। कार्यक्रममा भन्सार एजेन्ट महासंघका अध्यक्ष भरत राज घिमिरे, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा.सुवोध गुप्ता, भन्सार एजेन्ट महासंघका प्रथम उपाध्यक्ष काशिराज उपाध्याय, वरिष्ठ उपाध्यक्ष प्राचिन थैवे लगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा संघका सचिव राजमान तामाङ्गले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने आर्थिक प्रतिवेदन सहसचिव भानुभक्त अधिकारीले प्रस्तुत गरेका थिए।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल